ISSN No. : 2717-5049

अभिलेख
ABHILEKHA

वर्ष ४२ २०८१ पूर्णाङ्क ४२

राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख
ABHILEKHA

वर्ष ४२ ❁ २०८१ ❁ पूर्णाङ्क ४२

प्रधान सम्पादक
कुमार श्रेष्ठ

सम्पादक मण्डल
सन्दिप खनाल
मनिता न्यौपाने
सविता न्यौपाने (पौडेल)

दुई शब्द

अभिलेख प्राचीन दस्तावेज हो । राज्य सञ्चालनका क्रममा सिर्जना भएका कागजात होस् वा पुराना हस्तलिखित ग्रन्थ यी दुवैले राज्यको ऐतिहासिक महत्वलाई उजागर गर्ने गरेका छन् । राज्यको इतिहास तथा संस्कृतिको जीवन्त धरोहरका रुपमा रहेको राष्ट्रिय अभिलेखालयले अभिलेख संरक्षण ऐन र नियमावलीको अधिनमा रही दैनिक कार्य सञ्चालन गर्दै आइरहेको छ ।

आफ्नो उद्देश्य अनुसार अभिलेखको संकलन, संरक्षण तथा व्यवस्थापनको कार्य राष्ट्रिय अभिलेखालयले नियमित रूपमा गर्दै आइरहेको छ । यो अंकमा जङ्गबहादुरको मुलुकी ऐन, सालिक निर्माण परम्परा, भक्तपुरमा रहेको एउटा शिलालेख र केही लालमोहर र त्यसको मुख्य विषयका बारेमा लेखिएका लेखहरू प्रकाशित गरिएको छ । निरन्तर रुपमा प्रकाशन हुँदै आइरहेको कौशितोषाखानाका लालमोहरको प्रकाशनलाई निरन्तरता दिने चाहना हुँदाहुँदैपनि अपर्याप्त बजेटका कारण ४ वटा लेखमात्र प्रकाशित भएका हुन् ।

अन्त्यमा , राज्यको ऐतिहासिक महत्व झल्काउने अभिलेखको संरक्षण गर्नु राज्यका सम्पूर्ण अंगका साथै सबै नागरिकको कर्तव्य तथा जिम्मेवारी हो । अभिलेखलाई व्यवस्थापन गर्न सकियो भने राज्यको इतिहास, कला,संस्कृति र सम्पदाको सम्बर्द्धन हुने भएकाले अभिलेखीय सम्पदाको संरक्षण र व्यवस्थापन गर्न सम्बद्ध सबैको साथ र सहयोग हुनेछ सहयोग रहनेछ भन्ने आशा तथा विश्वास सहित अभिलेख अंक ४२ प्रकाशनमा सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु ।

कुमार श्रेष्ठ
नि. महानिर्देशक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक	:	राष्ट्रिय अभिलेखालय फोन नं. : ०१- ४२००८५६, ४२००८४५, ४२००८४६ Website : narchives.gov.np E-mail: mail@narchives.gov.np
प्रकाशन मिति	:	वि. सं. २०८१
प्रकाशित प्रति	:	२०० थान
मूल्य रु.	:	१००/-
मुद्रक	:	कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं फोन नं. : ४२२५६९६, ४२५१८३३

सम्पूर्ण लेखहरूको जिम्मेवारी लेखक स्वयम्मा नै निहित रहनेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रो भनाई

नेपाल राष्ट्रिय अभिलेखालय ऐतिहासिक, सांस्कृतिक र प्रशासनिक दस्तावेजहरूको संरक्षण र व्यवस्थापनमा समर्पित एक प्रमुख संस्था हो । यसको उद्देश्य केवल अभिलेखको संरक्षण मात्र नभई हाम्रो राष्ट्रको इतिहास र सांस्कृतिक धरोहरलाई आगामी पुस्तासम्म सुरक्षित र संरक्षित राख्नु पनि हो । राष्ट्रिय अभिलेखालयको गतिविधिहरू समयको साथ बदलिँदै आएका छन्, जसमा डिजिटल अभिलेख प्रणालीको समावेश, अभिलेखहरूको संरक्षण र अनुसन्धान कार्यमा उच्चतम मानकहरू अपनाउने पद्दतीको विकास भएका छन् ।

यस अभिलेख पत्रिकामा हामीले अभिलेखालयका विभिन्न प्रमुख कार्यहरू, परियोजनाहरू र अनुसन्धानात्मक उपलब्धिहरूलाई समेटेका छौं । यी कार्यहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा महत्वपूर्ण ठानेर, अभिलेखालयले नेपालको ऐतिहासिक परिप्रेक्ष्य र सांस्कृतिक सम्पदामा थप योगदान पुर्याउने छ भन्ने विश्वास लिएको छु ।

हाम्रो अभिलेखालयले अभिलेखहरूको सुरक्षा र संरक्षणका लागि अत्याधुनिक प्रविधिहरूको उपयोग गर्दै आएको छ । साथै, हामी डिजिटल अभिलेखहरूलाई पनि ध्यानमा राख्दै डिजिटाइजेसन प्रक्रियामा अझ धेरै ध्यान दिदैंछौं, जसले गर्दा नेपालका सबै अभिलेखहरू विश्वभर सजिलै उपलब्ध हुन सक्छन् र भविष्यका लागि सुरक्षित रहन्छन् ।

यस वार्षिक अंकको माध्यमबाट, हामी केवल अभिलेखालयका कार्यहरू प्रस्तुत गर्दै मात्र छैनौं, तर हामी समग्र समाजलाई अभिलेखहरूको महत्व र यसको संरक्षणको आवश्यकता बुझाउने प्रयास गर्दैछौं । यस कार्यमा हामीसँग सरकार, शैक्षिक संस्थानहरू, र अन्य हितैषीमनहरूको सक्रिय सहभागिता अपेक्षा गरेका छौं ।

नेपालको ऐतिहासिक र सांस्कृतिक सम्पदाको अध्ययन र संरक्षणमा अभिलेखालयको ठूलो योगदान रही आएको छ, र हामी आगामी वर्षहरूमा अझ बढी उत्साह र समर्पणका साथ यो कार्यलाई निरन्तरता दिनेछौं । अभिलेख पत्रिकाले यस मार्गमा योगदान पुर्याउने हाम्रो दृढ विश्वास र प्रतिबद्धता रहेको छ । हामी प्रत्येक नागरिकलाई अभिलेखहरूको संरक्षणमा योगदान पुर्याउन र यस महत्वपूर्ण कार्यमा सामेल हुन आह्वान गर्दछौं ।

हामीलाई विश्वास छ कि यस पत्रिकाले पाठकहरूलाई नेपालका ऐतिहासिक अभिलेखहरूको बारेमा थप जानकारी दिनेछ र यो राष्ट्रिय धरोहरको संरक्षणमा योगदान पुर्याउने एउटा महत्वपूर्ण मञ्च बन्नेछ ।

सन्दिप खनाल
प्रमुख अभिलेख अधिकृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
जङ्गबहादुरको 'मुलुकी ऐन' को नालीबेली	*- स्व. प्रकाश वस्ती*	*१*
राणाकालीन ऐतिहासिक पत्रहरू	*- प्रकाश दर्नाल*	*२०*
भक्तपुर झौखेलको अभिलेख : यसमा थप परिस्कार	*- श्यामसुन्दर राजवंशी*	*३४*
नेपाल सालिक निर्माण एकचर्चा	*- रमेशजङ्ग सिजापति*	*४२*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जङ्गबहादुरको "मुलुकी ऐन" को नालीबेली

- स्व. प्रकाश वस्ती*

पृष्ठभूमि

यस 'ऐन' का पछाडि राजा महाराजाको नाम जोडिए पनि यो जङ्गबहादुरको सोच र प्रयास हो । यो पहिलो विस्तारित लिखित कानूनको जस जङ्गबहादुरको पोल्टामा जान्छ ।

१९०६ सालमा जङ्गबहादुर यूरोप यात्रामा निस्के । उनी पेरिस पुग्दा सम्राट नेपोलियन तृतीयका भतिजा जोसेफ चार्ल्स बोनापार्ट (Joseph Charles Bonaparte) राष्ट्रपति थिए । होटेल सिनेटमा भेट भयो । नेपोलियनकै एउटा भाई जेरोमे बोनापार्ट (Jerome Bonaparte) सँग पनि जङ्गबहादुरले भेटे । जेरोमेले आफ्ना सम्राट दाजु नेपोलियनका कैयौं कामहरूका बारेमा जङ्गबहादुरलाई बताएको र उनको चिहान देखाएको कुरा समेत जङ्गबहादुरकै छोरा पद्मजङ्गको पुस्तकमा उल्लेख छ (*पद्मजङ्ग/१०७-१०९*) । के कुरा सहजै अनुमान गर्न सकिन्छ भने दाजु नेपोलियनले बनाएको *सिभिल कोडको* महत्त्व जङ्गबहादुरलाई बुझाइयो । यही कोड संहितावद्ध कानूनकै नामबाट कानूनी प्रणाली (Civil Law System) को नामाकरण भएको र फ्रान्समा यसै लिखित संहितालाई सम्मानस्वरूप *नेपोलियन कोड* भन्ने गरिएको कुराले जङ्गबहादुरलाई राम्रै छाप परेको हुनुपर्दछ ।

जङ्गबहादुर युरोप भ्रमणमा रहेको बेलामा कार्यकारी प्रधानमन्त्री बमबहादुरले एउटै खालको कसूरमा चन्द्रवीरलाई मृत्युदण्ड र रामु आलेलाई जरिवाना मात्र गरे छन् । यो कुरा बेलायतमा जाहेर हुँदा जङ्गबहादुर अति रिसाएर बमबहादुरलाई लेखेको चिठी कमल दीक्षितको जङ्ग–गीतामा छापिएको छ । यो चिठीको मूल ३० सेण्टिमिटर लामो र १९.५ से.मी. चौडा अवस्थामा छ । समान कसूरमा छोटा बडा सबैलाई समान सजाय हुनुपर्ने कानूनको आवश्यकताले जङ्गबहादुरलाई झकझक्याएको हुनुपर्दछ । यो कुरा यस 'ऐन' को प्रस्तावनामा लेखिएको छ (*कमल दीक्षित/३१*) ।



*पूर्व न्यायाधीश, सर्वोच्च अदालत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषिक रूपान्तरण

श्री वंवाहादुर्के जङ्बाहादुरकौं आसीष् उप्रान्त रामु आलेले मानीस् मारेको कुरो भोर् ठहर्दैन तीतैकै (*तेत्तिकै*) कुरोमा भैरव्सीं षड्कालाई काटिदिनु भनी सत्रामलाई अरायेको सुदै थीईस् तेस्को तानावाना वुज् नेल् गलफन्दि ठोकिराष् मानीस् मारेको कुरो सहजै माफ् गर्नु हुदैन तेस्लाई माफ गरेपछि भाई छोराले मारेमा सीर् पाउ दिनु कि तेस्को षान्गी जगेरा राष् तेसको कुरा म आयेपछी जो ठहर्ला सो गरूला तेस्को वीराम् ठुलो छ सबै रईत (*रैती*) को चीत्त बुझाउनु पर्छ थमाउनी गरेको भया पनी तानावाना वुज्नु दंड गरेको भया पनी नेल गलफन्दि ठोकनु सुभम्

नेपाल फर्केपछि जलेश्वरका लखपति झा र लेसपति झाद्वारा (*सरदार भीमबहादुर पाण्डे/५/१५३*) मस्यौदा गराई २१९ जना कौशल (विभिन्न वर्ग, समूह, पेशेवर) लाई सांसद सरहको भूमिका दिई छलफल गराए। छलफलबाट पारित यो ऐन १९१० साल पौष सुदी ७ (१९१० साल पुस २३ गते विहीवार) तदनुसार १८५४ जनवरी ६ मा जारी भयो । श्री ५ सुरेन्द्रका शासन कालमा बनेको भनिएको यो 'अैन' नै मुलुकभर लागू हुने भएबाट पछि मुलुकी ऐन भयो । यो ऐन मुलुकी ऐनको नामबाट बनेको होइन, कालान्तरमा यसले यो नाम पायो । स्वामी घोषित पूर्वराजा राजेन्द्र भक्तपुरमा कैदमा थिए त्यसैले उनको केशरीमोहर र राजा सुरेन्द्र र युवराज त्रैलोक्यको लालमोहर लगाइयो ।

अैन, आइन र ऐन

१९९२ सालबाट भित्र 'मुलुकी ऐन' लेख्न शुरु गरिएको पाइन्छ । शुरुमा अैन, १९२७ पछि 'आइन' १९४५ पछि पुनः 'अैन', १९९२ पछि 'ऐन' र २०० ९ देखि आवरणमा पनि 'मुलुकी ऐन' भनेर छाप्न थालियो (*माधव कुमार बस्नेत/देश सञ्चार*) । मुलुकी शब्दको पहिलो प्रयोग १९७४ माघ ३ गते जारी मुलुकी सवालबाट भएको हो ।

राणा प्रधानमन्त्री परिवर्तन हुने बित्तिकै राजाबाट यही ऐनअनुसार गर्नु भनेर लिखित आदेश हुन्थ्यो । यस आदेशमा आवश्यकताअनुसार संशोधन गर्ने अधिकार पनि दिइन्थ्यो । रणोद्दिप सिंह, वीरशमशेर र चन्द्रशमशेरलाई दिइएका अख्तियारीका शाही आदेश २०२२ सालमा कानून मन्त्रालयबाट पुनर्प्रकाशित १९१० सालको मुलुकी ऐनको परिशिष्टमा समावेश छन् ।

हस्तलिखित अैनका कुरा

पहिलेका हस्तलिखित सामग्रीहरू पुस्तकका पाना सरह नै भए पनि पानाहरू सिएर वा 'स्ट्रिच' गरेर वा गुँद लगाएर एकाकार (*बाइण्डिङ*) हुँदैनथे । ती छुट्टाछुट्टै पन्ना (पाना) का रुपमा हुन्थे । तिनलाई विशेष प्रकारको कपडाको भोटो जस्तो खाममा राखिन्थ्यो । यस्ता कपडाको टुक्रालाई बस्ता (बासा) भनिन्थ्यो । चारपाटे कपडाको टुक्राको एउटा चुच्चोमा लामो तुना हुन्थ्यो । पुस्तक तथा अभिलेखलाई तीन कोणबाट बेरेपछि तुना भएको कोणले अन्त्यमा छोपेरे तुना कसिन्थ्यो । न्यायविकासिनी आज पनि शुरु र अन्त्यमा काठको बाकलको 'कभर' सहित बासा मै छ । कुमारीचोकका कागजात पनि बासामै बाधिएर रहेका आज पनि राष्ट्रिय अभिलेखालयमा हेर्न सकिन्छ । पात्रो, पुराण तथा अन्य धर्मग्रन्थहरू आज पनि कतिपय व्यक्तिहरूका घरमा बासामै सुरक्षित राखिएको देख्न सकिन्छ । तर, १९१० सालको मुलुकी ऐन भने *बाइण्डिङ* गरिएको छ । यसको सिलाई हेर्दा बीर पुस्तकालयमा रहेको यो अमूल्य ग्रन्थको *बाइण्डिङ* कलकत्ताबाट विज्ञहरू झिकाइएपछि उनीहरूबाटै वा उनीहरूकै नेतृत्वमा भएको हो भनेर मान्ने आधार छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा अभिलेखालय, पुस्तकालय र पुस्तक संरक्षण

पुस्तक लेखन र संकलनका क्षेत्रमा नेपाल धेरै अगाडि छ । राजा भूपतिन्द्र मल्लकै पालामा *सफू छे* को वर्णन पाइन्छ । यी नेवारी शब्द हुन्, जसको अर्थ पुस्तक राख्ने कोठा हुन्छ । आज पनि राष्ट्रिय अभिलेखालयमा रहेको *थ्यासफुका* अनुसार ८२९ सालदेखि ८३७ सालसम्म ११९० पुस्तक संकलन भएको देखिन्छ ।

भक्तपुरलाई गोरखाली राज्यको बनारस भनी नेपालका विषयमा विशद् अध्ययन गर्ने पहिलो विदेशी कर्कप्याट्रिकले लेखेका छन् । यिनले भक्तपुरका एक व्यक्तिसँग १५,००० (पन्ध्र हजार) भन्दा बढी संस्कृत ग्रन्थ भएको जानकारी पाएको लेखेका छन् । भूपतिन्द्र मल्ल (वि.सं. १७३१-१७७९) को दरबारमा रहेका २८ विषयका ११५० पुस्तकको सूची पाइएको छ *(महेशराज पन्त/१७७)*

१८६९ सालसम्म पुस्तकहरू हनुमानढोका दरवारमा रहे। जङ्गबहादुर बेलायतबाट फर्केपछि प्रधानमन्त्रीसँग पुस्तकालय हुनुपर्दछ भन्ने बोध भयो । त्यसैले १९०४ सालमा पुस्तकहरू जङ्गबहादुरको निवास थापाथली दरबारमा सारिए । १९५७ सालमा वीरशमशेरले काठमाडौँ घण्टाघरमा वीर पुस्तकालय स्थापना गरेर सबै पुस्तक त्यहाँ सारे । पुस्तकको सूची बनाउन कलकत्ताबाट हरप्रसाद शास्त्रीलाई ल्याइयो । महोपाध्याय हरप्रसाद र उनीसँग आएका सहयोगीहरूले वीर पुस्तकालयमा रहेका अभिलेख तथा पुस्तकहरूलाई संरक्षण गर्न ठूलो भूमिका निभाए । यिनले बनाएको सूची १९६२ सालमा दुई भागमा प्रकाशित भयो ।

जुनागढका नवावले नेपालमा अभिलेख खोज्न भगवानलाल इन्द्रजी (वि.सं. १८९६-१९३३) लाई पठाए । यिनको संकलन १९३७ सालमा प्रकाशित पनि भयो ।

१८६९ साल भदौ १५ गते केदारनाथ झालाई *'चिताही तहवील'* मा दुई कर्मचारी र एक टहलुवासहित नियुक्ति दिइयो । यो पुस्तकालय भनिएको हुनुपर्दछ । यसै कारण २०६५ सालदेखि भदौ १५ गते पुस्तकालय दिवस मनाइँदै आइएको छ ।

राजगुरु पं. हेमराज (वि.स. १९३५-२०१०) अभिलेख संकलन र पुस्तक संकलनमा अत्यन्त रुचि राख्ने व्यक्ति हुन् । यस्तै रुचि मदनशमशेर र केशरशमशेर राणाको पनि थियो । राणाहरूका आ-आफ्ना नामका प्रख्यात पुस्तकालय छन् । माहिला गुरुज्यू भनिने हेमराजका देहान्तपछि उनका परिवारसँग सरकारले ती पुस्तक र अभिलेख किन्यो ।

१९५६ मा स्थापना भएको वीर पुस्तकालयमा २०,००० (बीस हजार) हस्तलिखित अभिलेख, १२०० (एक हजार दुई सय) ताडपत्र र ५०० मुद्रित पुस्तक थिए । १४ लिपिमा रहेका यी अभिलेखमध्ये कतिपय १७०० (एक हजार सात सय) वर्ष पुराना पनि थिए । यसैगरी गुरुज्यू पं. हेमराजको निजी निवास ढोका टोलमा ७५१४ (सात हजार पाँच सय चौध) हस्तलिखित ग्रन्थ समेत संकलित थिए । २०१२ सालमा नेपाल सरकारले यो निजी पुस्तकालय किनेपछि राष्ट्रिय पुस्तकालयको नाम दिएर पहिले सिंहदरवारमा र पछि हरिहर भवन ललितपुरमा यो पुस्तकालय सारियो । यहाँ ११ भाषाका पुस्तकहरू पनि थिए। २००९ सालमा केन्द्रीय सचिव पुस्तकालय नाम दिएर सिंहदरवारमा एउटा पुस्तकालय स्थापना भएको थियो *(ग्रीष्मबहादुर देवकोटा/१९७)* ।

२०२३ सालमा सरकारलाई केशरशमशेरको रानी कृष्णकुमारीबाट केशर पुस्तकालय दान दिइयो । मदनशमशेरको निजी संकलनका अभिलेख र पुस्तकहरू रहेको मदन पुरष्कार पुस्तकालय पनि छँदैछ । यी पुराना अभिलेखहरू पाउन सकिने पुस्तकालयहरू हुन् । मदन पुरष्कार पुस्तकाललाई व्यवस्थित र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संरक्षित तुल्याउनमा कमलमणि दीक्षितको ठूलो भूमिका छ ।

वीर पुस्तकालयका संकलन र हेमराजका संकलनमध्ये अभिलेखहरू राष्ट्रिय अभिलेखालयमा राखियो । राष्ट्रिय अभिलेखालय २०२४ सालमा स्थापना गरिएको हो । हेमराजका पुस्तकहरू भने राष्ट्रिय पुस्तकालय स्थापना गरेर त्यहाँ राखियो । केही पुस्तक डिल्लीरमण रेग्मी कहाँ पुगे भनिन्छ । आज ती समेत डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालयमा छन् ।

१९१० सालको ऐनको मूल प्रति

१९१० सालको मुलुकी ऐनको मूल प्रतिको पहिलो पृष्ठ यस्तो छ-



राष्ट्रिय अभिलेखालयमा कोड नं. ५३० र ५३१ तथा यसपछि कोड नं. ५९३ देखि ६३२ सम्म २८ वटा हस्तलिखित अवस्थाका 'ऐन' का प्रतिहरू सुरक्षित छन् । कोड नं. ५३२ (पुस्तक नं. ३) भने वीरशमशेरका पालामा छापिएको पुस्तक हो । यी मुलुकी ऐनका २८ प्रति भने होइनन् । त्यसबेला मद्या (नेपाली) कागज वा ताडपत्र वा भोजपत्रमा बाँस वा निगालाको कलमले हातैले सार्ने *(क्यालिग्राफी)* बाहेक विकल्प थिएन । यी २८ प्रति सबै पूर्ण छैनन् । कुनैमा केही महलहरू र अर्कोमा बाँकी महलहरू अर्थात् खण्ड खण्ड छन् । रातो मसीले पृष्ठ संख्या जनिएको छ । पृष्ठ संख्या १ देखिका पृष्ठहरू रहेका ३ थान छन् भने शुरुका पृष्ठ नभएका, तर माथिल्लो अङ्क रहेका ग्रन्थको संख्या ५ छ । कुनै पृष्ठ संख्या ३४२ बाट, कुनै १६२ बाट, कुनै ७१ बाट र कुनै ४०१ बाट शुरु भएका छन् । यसर्थ ८ प्रति मुलुकी ऐन हुनुपर्ने अनुमान गर्न सकिन्छ ।

राष्ट्रिय अभिलेखालयमा रहेका हस्तलिखित २८ थान र छापिएको १ थान मुलुकी ऐनहरू

राष्ट्रिय अभिलेखालयमा हस्तलिखित प्रतिहरूलाई किताब नं. भनेर क्रमशः क्रमसंख्या राखिएको छ । किताबको कोड नं. भनेर अर्को नम्बर छ । कोड नं. संभवतः वीर पुस्तकालयले नै राखेको हुनुपर्दछ । हाल राष्ट्रिय अभिलेखालयको विशेष कोठामा सुरक्षित रहेका यी २९ थान पुस्तक २९ थानको स्थिति निम्नानुसार छः-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रम	पुस्तक नं.	पृष्ठ संख्या	कूल पृष्ठ	विशेष
१	५३०	३४ देखि ८५५	६२२	यसमा केशरी छाप समेत रंगीन नै छ । शुरुका १-३३ पृष्ठ छैनन् । बीचमा १३६ पृष्ठ छैनन् । ४ पृष्ठ पूरा र ७ पृष्ठ आधा च्यातिएका छन् ।
२	५३१	१-६८०	६६९	पंजिकामा गाथगादी र राजकाज भन्ने महल छ, तर पुस्तकमा छैन् ।
३	५३२	१-११३० + २	११३०	छापिएको र छालाको जिल्लासहितको अवस्थामा यो छ । नम्वरहरूमा वीरशमशेरको छाप छ ।
४	५९३	११-३३८	१४१	
५	५९४	३०-३९२	२५६	
६	५९५	३३९-६९२	२५८	
७	५९६	१७-३५०	२७६	जग्गा जमीनको ११ नं. बाट शुरू भएको छ ।
८	५९७	३५१-७४८	३०८	मिसाखत, मासिन्याको र नमासिन्याको महल पूरैमा क्रस चिन्ह छ ।
९	५९८	१३-३७२	३४०	जग्गा जमीनको ३३ नं. खारेज जनिएको छ ।
१०	५९९	२-३०५	२२४	
११	६००	३४२-५५९	१८४	
१२	६०१	१४-३८५	२९०	नम्वरहरूमा कसैको छाप छैन ।
१३	६०२	३८५-८८२	४०४	नम्बरमा कसैको छाप छैन ।
१४	६०३	१६२-४७०	२३४	नम्बरमा कसैको छाप छैन ।
१५	६०४	४७७-७७२	२७२	
१६	६०५	१९८-७७२	२१८	
१७	६०६	४७३-६६०	१५६	
१८	६०७	१६१-३०७	११६	
१९	६०८	७१-३००	२०४	जङ्गबहादुरकै छाप छ ।
२०	६०९	३०३-६९४	२६४	
२१	६१०	४०१-९७६	३९२	छाप छैन ।
२२	६११	३०८-६३९	३२८	जङ्गबहादुर कुँवर राणा भन्ने छाप छ ।
२३	६१२	६४०-९३८	२८०	जङ्गबहादुर कुँवर राणा भन्ने छाप छ ।
२४	६१३	२८-४०३	३७०	
२५	६१४	१-१२०	११२	'नञा (नयाँ) थप भएको अैन' पनि छ र नम्बरका छापमा जङ्गबहादुर पछि राणा मात्र छ कुँवर छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२६	६१८	११-१४८	१२४	'नञा (नयाँ) थप भएको अैन' पनि छ र नम्बरका छापमा जङ्गबहादुर पछि राणा मात्र छ कुँवर छैन ।
२७	६२०	पाना नं. लेखेको छैन्	३१६	छाप छ । ६५९ पृष्ठ भने लेखिएको छ ।
२८	६२१	३७५-८२४	४०६	छाप जङ्गबहादुर राणा मात्र छ ।
२९	६३२	४०४-६७९	२५४	

क्रम नं. ७ र ८, १२ र १३, १६ र १७, १९ र २० तथा २२ र २३ पृष्ठ नं.का आधारमा एउटै पुस्तक हुनुपर्दछ ।

पृष्ठ संख्या र कूल पृष्ठ मिल्दैन । कारण बीचका पृष्ठ झिकिएका छन् अर्थात् ती पृष्ठ पुस्तकमा छैनन् । आधा वा आधाभन्दा बढी च्यातिएकोलाई पनि पूरै पृष्ठ मानी गणना गरिएको छ ।

नम्बरमा नेगी छाप नलाग्नुको तात्पर्य रूजु हुन बाँकी रहेको हुन सक्दछ । अर्को कारण कसैले निजी प्रयोजनका लागि अनौपचारिक रूपमा साऱ्यो र पछि यो पुस्तक पनि वीर पुस्तकालयको संकलनमा आएको हुन सक्दछ ।

कोड नं. ५३० (हस्तलिखित किताब नं. १)

सरदर ३४×२५.५ से.मी. का बाक्लो मद्या (नेपाली) कागजमा लेखिएको अवस्थामा यो छ । ८५५ पाना रहेको जनिए पनि शुरु लालमोहर र प्रस्तावनावाला दुई पृष्ठ यसमा छन् । त्यसपछि एकै पटक पृष्ठ संख्या ३४ बाट यो शुरु भएको छ । *बाइण्डिङ सेट*बाट ३३ पृष्ठ जबर्जस्ती थुतिएको खाली ठाउँ र *बाइण्डिङ* गर्दा सिलाइका लागि प्रयोग धागोको स्थितिबाट देखिन्छ ।



यी पृष्ठमा राजी २१७ जनाको नाम, पद र सही वा नेगी छाप थियो र पहिलो महल गुठीको ७ नम्बरसम्मको व्यहोरा पनि थियो । यसको पुष्टि २०२२ सालमा कानून मन्त्रालयले छापेको मुलुकी ऐनबाटै हुन्छ । २१७ जनाको नाम नामेसी हस्तलिखित कुनै पनि प्रतिमा छैन् । १९२७ सालदेखि छाप्न शुरु भएको प्रतिमा हुने कुरै भएन ।

२०२२ सालको संस्करणको भूमिका (उपोद्घात) मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखिएको छ, '..... यस ऐनको पुस्तकमा लागेको छापलगायत प्रस्तावनामा लेखिएको व्यहोरा समेत *चित्रण गरी* यसैमा प्रकाशित गरिएको छ। यसको अर्थ लालमोहर र केशरीमोहर लागेका प्रस्तावनाका दुई पृष्ठको फोटो खिचियो । कानून मन्त्रालयको २०२२ सालको प्रकाशनमा यी दुई फोटोकै रुपमा छन् । रंगीन *फोटोग्राफी* २०२१ सालतिर नआई सकेबाट यी दुई पृष्ठ श्यामश्वेत रुपमा छन् । त्यसपछिका पृष्ठ फोटोको रुपमा होइन अक्षर *कम्पोजका* रुपमा छन् । यसको अर्थ कि यी या त हातले सारियो कि त ती वीर पुस्तकालयमा रहेको ग्रन्थबाट थुतियो । प्रस्तावनाको पृष्ठ थुत्न गाह्रो किन पऱ्यो होला भने त्यो यसरी टाँसिएको छ कि त्यो थुत्दा पाना नै च्यातिने संभावना छ । पत्तिले काट्दा व्यहोरा जोगाउन गाह्रो पर्ने खतरा देखिन्छ ।

तसर्थ, कानून मन्त्रालयका अल्छी कर्मचारीले थुतेको आरम्भका नाम भएका पृष्ठहरू बाहेक *फर्मा* (ताउ कागज पट्याउँदा ४ वा ८ पृष्ठ हुन्छन्) का कारणले यो मुलुकी ऐनको मूल प्रतिमा एकै पटक गुठीको महलको (२०२२ सालमा छापिएकोमा महलको नाम 'दत्त गुठीको' भनिएको छ) ८ नं. देखि मात्र छ । यति मात्र नभई बीच बीचका २२० पृष्ठ पनि ग्रन्थमा छैनन् । यीमध्ये ४ पृष्ठ पूरा र ७ पृष्ठ आधा च्यातिएका छन् । भवितव्य ज्यान मार्नेको महलको पृष्ठ ३६२ को १ नं. खुर्किएको छ । पानी परेर केही मेटिएका पनि छन् ।

राजीहरूको नामावली र समीकरण

तपसिल

राजी- श्री मद्राजकुमार कुमारात्मज श्री प्राइम्मिनिष्टर यान कम्याण्डर इनची ° जनरल ज॰ बहादुर कुवर राणाजी ----

राजी- श्री मद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इनची ° जनरल बम्बहादुर कुवर राणाजी---

राजी- श्री मद्राजकुमार कुमारात्मज श्री जनरल कृष्ण वहादूर कुवर राणाजी----

राजी- श्री मद्राजकुमार कुमारात्मज श्री जनरल रणउद्दीप सिंह कुवर राणाजी----

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री जनरल जगत्सम्सेर ज॰ कुवर राणाजी-

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री जनरल धीरसम्सेर ज॰ कुवर राणाजी----

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री जनरल भक्त वीर कुवर राणाजी----

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री कम्याण्डर कर्णेल वषत् जङ्ग कुवर राणाजी ----

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री वडा कर्णेल जगत जङ्ग कुवर राणाजी----

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री कर्णेल भीम जङ्ग कुवर राणाजी----

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री कर्णेल जीत ज॰ कुवर राणाजी--

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री कर्णेल खड्ग वहादुर कुवर राणाजी----

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री कर्णेल कृष्ण ध्वज कुवर राणाजी--

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री कर्णेल केदार नरसिंह कुवर राणाजी----

राजी- श्री मद्राज कुमार कुमारात्मज श्री छोटा कर्णेल पृथ्वी धोज कुवर राणाजी----

राजी- श्री काजी रणसेर साह----

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजी- श्री गुरु राजपण्डित श्री धर्माधिकार
विजयराज पण्डितज्यू----
राजी- श्री गुरु राज पण्डित
श्री नगेन्द्र राज पण्डितज्यू----
राजी- पुरोहित तीर्थ राज पण्डित----
राजी- श्री चौतरिया सम्सेर ज॰ साह---
राजी- श्री चौतरिया कुलचन्द्र साह----
राजी- काजी हेमदल थापा----
राजी- काजी कुल्मान सिं वस्न्यात----
राजी- काजी डिल्लि सिं बस्न्यात----
राजी- काजी उमाकान्त उपाध्या----
राजी- कप्तान ँतज॰ वहादुर कुवर राणाजी--
राजी- श्री मद्राजकुमार कुमारात्मज
श्री वडा कप्तान मकरध्वज कुवर राणाजी--
राजी- श्री मद्राजकुमार कुमारात्मज
श्री वडा कप्तान तोरणध्वज कुवर राणाजी--
राजी- वडा कप्तान सनक सिं षतृ
राजी- षजांचि शिवप्रसाद अर्ज्याल
राजी- वडा सर्दार किर्तवीर कार्की
राजी- सर्दार कनक सिं महत्
राजी- सर्दार चेत सिं बस्न्यात
राजी- कप्तान जुद्ध वीर अधिकारी
राजी- कप्तान वलभद्र माझी
राजी- कप्तान सतराम षतृ
राजी- कप्तान जवर षडका
राजी- कप्तान जवर कार्की
राजी- कप्तान हरिभक्त कुवर राणाजी
राजी- ले ँटन ँते वहादुर कुवर राणाजी
राजी- कप्तान कालिदास थापा
राजी- कप्तान दीप वहादुर कुवर राणाजी
राजी- कप्तान ववर जं॰ कुवर राणाजी
राजी- कप्तान प्रति मन कुवर राणाजी
राजी- कप्तान रामु आले
राजी- कप्तान तेक वहादुर कुवर राणाजी
राजी- कप्तान सम्सेर
राजी- कप्तान श्री कृष्ण साही
राजी- कप्तान रनसिं षतृ
राजी- कप्तान वुद्धिमान सिं वस्न्यात
राजी- कप्तान पहल्मान सिंह वस्न्यात
राजी- कप्तान मदनमान सिं वस्न्यात
राजी- कप्तान प्रसाद सिंह भंडारि
राजी- कप्तान हरिमान सिं वस्न्यात
राजी- कप्तान दल जीत बिष्ट
राजी- कप्तान सुरत ज॰ कुवर राणाजी
राजी- कप्तान जग्य वहादुर घर्ति
राजी- कप्तान श्री भक्त षडका
राजी- कप्तान भक्त केसर पा‘‘डे
राजी- कप्तान लालसिं षतृ
राजी- कप्तान सुज मान सिंह वस्न्यात
राजी- कप्तान दल मर्दन थापा
राजी- कप्तान सम्सेर जङ षतृ
राजी- कप्तान जस्धीर सिं बस्न्यात
राजी- कप्तान महारुद्र षतृ
राजी- कप्तान व र्णनसिं वस्न्यात
राजी- कप्तान भीमल आले
राजी- वकील हरिभक्त षतृ
राजी- वकील सुव्वा विष्नु प्रसाद पंडीत्
राजी- अमीन सुव्वा सिद्धिमान सिं राजभडारि
राजी- मीर सुव्वा रत्नमान सिंह राजभडारि
राजी- सुव्वा विश्वेश्वर उपाध्या
राजी- सुव्वा काशीनाथ उपाध्या
राजी- सुव्वा विश्वनाथ उपाध्या
राजी- सुव्वा इश्वरी प्रसाद अर्ज्याल
राजी- सुव्वा हृदय रत्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजी- सुव्वा मेहेरमान सिंह राजभडारि
राजी- सुव्वा विष्नु दास वैरागी
राजी- सुव्वा धनसुन्दर
राजी- सुव्वा चेतनाथ उपाध्या
राजी- सुव्वा व्रजमोहन उपाध्या
राजी- सुव्वा लक्ष्मीपति जैसि
राजी- सुव्वा तारानिधी पुडासैनी
राजी- सुव्वा पद्मनाथ जोसि
राजी- सुव्वा सिवनरसिङ
राजी- सुव्वा वषत सिं षतृ
राजी- अमीर मुन्सीलक्ष्मी दास
राजी- ले टैन भीमसेन राना
राजी- ले टैन भैरव सिं कुवर राणाजी
राजी- ले टैन रनसुर षडका
राजी- ले टैन विरुधोज भडारि
राजी- ले टैन प्रभु अधिकारि
राजी- ले टैन इन्द्र वीर षतृ
राजी- ले टैन सन्मानसिं षतृ
राजी- ले टैन भैरव सिं षडका
राजी- ले टैन भैरव लाल झा
राजी- ले टैन शिव संकर पाध्या
राजी- ले टैन लक्ष्मन गुरुङ
राजी- ले टैन इन्द्र सिं अधिकारि
राजी- ले टैन सन्तवीर वस्न्यात
राजी- ले टैन वल वहादुर पाडे
राजी- ले टैन गणेश ध्वज कुवर राणाजी
राजी- ले टैन समसेर ध्वज कुवर राणाजी
राजी- ले टैन सेवक राम थापा
राजी- ले टैन दलवीर विष्ट
राजी- ले टैन गुमान्सिं कार्की
राजी- ले टैन गजराज थापा
राजी- ले टैन अमृत सिंह अधिकारि
राजी- ले टैन देवीदास पाध्या
राजी- ले टैन भद्रवीर षतृ
राजी- ले टैन करवीर षतृ
राजी- ले टैन रणध्वज कार्की
राजी- ले टैन चंपसिं घर्ति
राजी- मेजर अजिटन गर्ज सिं षतृ
राजी- वैद्य गंगानाथ
राजी- वैद्य चक्रपाणि
राजी- डिठ्ठा नन्दि केसर पाध्या
राजी- डिठ्ठा रुद्र वीर
राजी- डिठ्ठा कालिदास
राजी- डिठ्ठा इन्द्र सिङ्
राजी- डिठ्ठा वेणीमाधौ पाध्या
राजी- डिठ्ठा किर्तिमानसिं राज भडारी
राजी- डिठ्ठा देवी भक्त ढुंग्याल
राजी- डिठ्ठा अवीर षडका
राजी- डिठ्ठा धर्म सिङ्
राजी- डिठ्ठा हिम्मत वहादुर सेन
राजी- डिठ्ठा रेवती रमण सत्याल
राजी- डिठ्ठा कीर्ति राम बिष्ट
राजी- डिठ्ठा हिष्मत् सिं अधिकारि
राजी- इन्सायेन त्यसिं कार्की
राजी- इन्सायेन वालु षतृ
राजी- इन्सायेन चन्द्र वीर थापा
राजी- इन्सायेन धनमान कार्की
राजी- इन्सायेन रनसुर बिष्ट
राजी- इन्सायेन सुरत गिरि
राजी- इन्सायेन दीर्घमान षतृ
राजी- इन्सायेन गरुड धोज कार्की
राजी- इन्सायेन जंग वीर भडारि
राजी- इन्सायेन नरवीर कार्की
राजी- सुवेदार श्री विलास पाध्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजी- सुवेदार गोपाल षतृ
राजी- सुवेदार देविसिं ठाकुर
राजी- सुवेदार ँत्येसिं थापा
राजी- सुवेदार हर्ष वहादुर कुवर राणाजी
राजी- सुवेदार मेघ धोज अधिकारि
राजी- सुवेदार कासीराम कुवर राणाजी
राजी- सुवेदार चन्द्र वीर वस्न्यात
राजी- सुवेदार सुमन्त थापा
राजी- सुवेदार कुलराज कुवर राणाजी
राजी- सुवेदार वलवीर भडारि
राजी- सुवेदार अमर विक्रम भडारि
राजी- सुवेदार अैवर्ण वस्न्यात
राजी- सुवेदार सम्सेर जङ् थापा
राजी- सुवेदार वानासुर थापा
राजी- सुवेदार रुद्र प्रसाद पाध्या
राजी- सुवेदार श्रीमान् वस्न्यात
राजी- सुवेदार जगतसिं गुरुङ
राजी- सुवेदार वृद्धिमान थापा
राजी- सुवेदार नैनसिं वस्न्यात
राजी- सुवेदार अनुपसिं षतृ
राजी- सुवेदार भारत षतृ
राजी- सुवेदार जगवीर राणाजी
राजी- सुवेदार प्रसाद सिंह षडका
राजी- सुवेदार घोकल थापा
राजी- सुवेदार जगद वहादुर षतृ
राजी- सुवेदार सन्तवीर कार्कि
राजी- ज्योतिषी रुद्र लोहनी
राजी- ज्योतिषी इछाराम जोसि
राजी- ज्योतिषी किर्तिमाधौ
राजी- षरिदार मनोहर पाध्या
राजी- षरिदार धीर्जनरसिं
राजी- षरिदार दसरथसिं
राजी- षरिदार जीतमान
राजी- षरिदार बुद्धिमान
राजी- षरिदार नारान दत्त पाध्या
राजी- षरिदार जोगनरसिं राजभडारि
राजी- षरिदार काशीदत्त पाध्या
राजी- षरिदार वषत्मान सिं राजभडारि
राजी- षरिदार दौलतसिं
राजी- षरिदार भाजुवीर
राजी- षरिदार सर्वजीत
राजी- षरिदार नन्दि केसर
राजी- षरिदार देव नारान पाध्या
राजी- षरिदार भवनाथ उपाध्या
राजी- षरिदार लक्ष्मी भक्त उपाध्या
राजी- षरिदार पृथ्वीधर उपाध्या
राजी- षरिदार षडानन्द उपाध्या
राजी- षरिदार ज्ञान मान
राजी- षरिदार पूर्णानन्द
राजी- षरिदार भीम नरसिं
राजी- षरिदार कृष्न मीत्र
राजी- मुषीया राजवीर
राजी- मुषीया जोमगान (जोगमान)
राजी- मुषीया वषत वार
राजी- मुषीया सिवानन्द
राजी- मुषीया भीमरुद्रध्वज जोसि
राजी- मुषीया गजाधर
राजी- मुषीया रघुवीर
राजी- मुषीया संकरदास
राजी- मुषीया राम नारान्
राजी- मुषीया विर्घराज
राजी- षर्दार रमाकान्त पाध्या
राजी- द्वाऱ्या वसन्त बुढा
राजी- द्वाऱ्या मगनसिं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजी- दारोगा सहानी राजवीर
राजी- चोपदार रविलाल जैसी
राजी- मुषिया राम सुन्दर
राजी- सुवेदार मेहरमान थापा
राजी- मुषिया जत्न सिं
राजी- सुवेदार अमृत महत
राजी- सुवेदार कमानसिं
राजी- सुवेदार करवीर थापा
राजी- सुवेदार पद्म नाथ पाध्या
राजी- सुवेदार इन्द्र वीर वस्न्यात
राजी- सुवेदार जुद्धवीर थापा
राजी- सुवेदार वृषधोज षतृ
राजी- सुवेदार दल मर्दन थापा
राजी- सुवेदार भवानी भक्त विष्ट
राजी- सुवेदार गंभीर गुरुङ)

राजीहरूको समीकरण

'राजी' २१७ जनामा जातीय समीकरणका हिसाबले उपाध्याय, अधिकारी, भण्डारी, पाण्डे, जोशी, पुडासैनी, अर्याल र ढुंगेल आदि थरका ब्राह्मण छन् । राणा, खत्री, बस्नेत, शाह, थापा, खत्री, कार्की, महत र विष्ट आदि क्षेत्री छन् । पण्डित, पुरोहित र ज्योतिष पनि यसमा छन् । माझी, आले, शाही, घर्ती, राना, गुरुङ, वैरागी र गिरी पनि त्यहाँ छन् ।

भौगोलिक समीकरणका दृष्टिले हेर्दा दास, झा र ठाकुरको पनि त्यहाँ प्रतिनिधित्व छ । राजभण्डारीहरूको पनि उपस्थिति छ । थर नलेखिएका व्यक्तिहरू पनि छन् ।

जङ्गी र निजामती कर्मचारीको पनि त्यहाँ समाविष्ट छ । वकील (कूटनीतिज्ञ), अमीन, वैद्य र ज्योतिषबाट पनि त्यहाँ प्रतिनिधित्व भएको छ ।

आलोच्य पक्ष महिला, दलित र सबै जनजातिहरू 'राजी' मा समावेश गरिएको छैन ।

राष्ट्रिय अभिलेखालयमा रहेको किताब नं. ५३० का विभिन्न पृष्ठहरूको स्थिति

यो अैनको भित्री पृष्ठहरूको स्थिति निम्नअनुसार छ-

क्र सं.	पृष्ठ संख्या	कूल पृष्ठ	कैफियत
१.	१-२२	३३	थुतिएको छ । प्रस्तावनाका २ पृष्ठलाई पनि नम्बर दिइएको भए यो ३१ पृष्ठ हुन्छ ।
२.	४८-५३	६	पृष्ठ छैनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३	६२-७३	१२	पृष्ठ छैनन् ।
४.	७६-७९	४	
५.	८२-८३	२	
६.	९८-१०५	६	
७.	१०८-१०९	२	
८.	११६-११९	४	
९.	१२१-१२४	४	
१०.	१४२-१४५	४	
११.	१४८-१४९	२	
१२.	१७२-१७३	२	
१३.	१७८-१८१	४	
१४.	१९०-१९१	२	१९० पृष्ठ च्यातिएको छ ।
१५.	२०४-२०५	१	
१६.	२१२- २१३	२	
१७.	२२४-२२५	२	
१८.	२६४	१	१९ नं. मेटिएको छ ।
१९.	३००-३०१	२	यसको अगाडि पछाडि निऋा हाल्ने व्यवस्था थियो ।
२०.	३६२	१	१ नं. (भवितव्य ज्यानमाराको) केही खुर्किएको छ ।
२१.	३१८-३२७	१०	
२२.	३४८-३४९	२	
२३.	३६६-३६७	२	
२४.	३९०-४०३	१४	
२५.	४०६-४०७	२	
२६.	४१६-४१७	२	च्यातिएको छ ।
२७.	४२४-४२५	२	
२८.	४२८-४२९	२	
२९.	४३६	१	आधा च्यातिएको छ । यसमा कल्याण धनको महल थियो ।
३०.	४४२	१	आधा च्यातिएको
३१.	४९८-५०३	६	
३२.	५००-५०२	३	सति जान्याको महल
३३.	५०४-५५१	४७	
३४.	५५४-५५५	२	
३५.	६०६-६११	६	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३६.	६४२	१	आधा च्यातिएको
३७.	६६८-६७१	४	
३८.	६७८	१	आधा च्यातिएको
३९.	६८२-६८५	४	
४०.	६८८-६९३	६	
४१.	७१८	१	आधा च्यातिएको
४२.	७२०-७२१	२	
४३.	७४२	१	आधा च्यातिएको
४४.	७४३	१	आधा च्यातिएको
४५.	७५८-७५९	२	

राष्ट्रिय अभिलेखालयको अभिलेखमा यो पुस्तकमा ८५५ पृष्ठ संख्या लेखिएकोमा ६२२ पृष्ठ मात्र रहेको जनिएको छ ।

विश्लेषण

प्रारम्भिकका प्रस्तावनाका दुई पृष्ठबाहेक 'राजी' हरूको नाम र छाप लागेका प्रारम्भिक पृष्ठहरू कानून मन्त्रालयले थुत्यो भन्ने कुरामा शंका छैन । बाँकी अन्य पृष्ठहरू *बाइण्डिङ* नगरिएको हुँदा सहजै झिक्न सकिने अवस्थामा ती थिए । कसैले स्वार्थवश झिक्यो वा खारेज भएका कारणले झिक्यो वा संरक्षणको अभावले यताउता परे अध्ययन नगरी भन्न सकिन्न । दोस्रो हस्तलिखित प्रति यकीन भएपछि त्यहाँ के हुनुपर्दछ भन्न सकिन्छ । कसैले आपराधिक मनसाय अर्थात् बेचेर खाने खराब नियत लिएको पनि हुन सक्दछ ।

ती पृष्ठ वीर पुस्तकालयमा आउनु अघि वा वीर पुस्तकालयमा *बाइण्डिङ* हुनु अघि कहिले झिकिए भन्न सकिँदैन । केही पृष्ठ *बाइण्डिङ* पछि थुतिएको पनि अगाडि र पछाडिको पृष्ठका बीचको खाली ठाउँका कारणले भन्न सकिन्छ ।

तर, एउटा कुरा निश्चित के छ भने यस मूलप्रतिमा नरहेका पृष्ठहरू अर्को हस्तलिखित प्रतिको चाङमा मिसिएको भने छैन । कारण एउटै नम्बरका दुई वा बढी पृष्ठ त्यहाँ छैनन् ।

खारेज गर्नुपर्ने नम्बर (लम्बर) रहेका पृष्ठ आदेशले नै झिकिएका पनि हुन सक्दछन् वा कसैले ती पृष्ठहरू 'नमूना' का रूपमा राख्न झिकेर लगेको पनि हुन सक्दछ । कसैले अध्ययनका लागि झिकेका पृष्ठहरू यताउता परेर हराएका वा नष्ट भएका पनि हुन सक्दछन् ।

त्यो ऐतिहासिक ग्रन्थमा जे जति पृष्ठ बाँकी छन् र जे जस्तो अवस्थामा छन्, ती राष्ट्रिय अभिलेखालयमा सुरक्षित र संरक्षित छन् ।

पहिलो ऐनको पहिलो पुस्तक

बासा (बस्ता) मा रहेका पृष्ठहरू वीर पुस्तकालयमा छरपष्ट रहेकोले बाँधिएको आधारमा धागोले जालीदार ढंगले *बाइण्डिङ* गरिएको हुनुपर्दछ । बाइण्डिङ (जूजू *बाइण्डिङ*) एकै प्रकारको भएबाट ती एकै पटक भएको अनुमान गर्नुपर्ने अवस्था छ । अक्षरहरू हेर्दा विभिन्न व्यक्तिले यी सारेको हुनुपर्ने अनुमान गर्न सकिन्छ । १९१० सालको मूल प्रतिमा भने तीन किसिमका अक्षर छन् । तसर्थ यो तीन जना व्यक्तिले सारेको अर्थ गर्नुपर्ने हुन्छ ।

आठ प्रतिमध्ये पहेंलो केशरीमोहर र रातो लालमोहर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रंगीन नै छाप रहेको र भित्र कुनै पनि नम्बर (लम्बर) खारेज (षारेज) नजनिएको एउटा प्रति मात्र छ। अरु प्रतिमा कुनै नम्बर (लम्बर) खारेज जनिएको छ, कुनैमा 'सट्टा' व्यहोरा राखिएको छ र कुनैमा थप कानूनी व्यवस्थासहितका नम्बरका अतिरिक्त महल पनि थपिएका छन्। सबै प्रति पूर्ण छैनन्, त्यहाँ केही पानाहरू छैनन्। सार्दा सार्दै नयाँ व्यवस्था थपिने तथा संशोधन गरिने कुरालाई सहज रुपमा लिइएको छ। हुन पनि १९१० सालदेखि १९३८ सालसम्म अर्थात् २८ वर्ष ऐन (अैन) का प्रतिलिपि लेखेरै काम चलाइयो। त्यसैले यो परिवर्तन स्वभाविकै हो। छापिएको पहिलो प्रतिमा पाचौँ खण्ड थपिएको छ। र, संशोधन भएका व्यवस्थाहरू छापिएका छन्। छाप्ने पनि १९२७ सालदेखि १९३८ सम्म ११ वर्ष लागेको छ। मुलुकी ऐन पाँच भागमा वीरशमशेरले विभाजन गरे भन्न मिल्दैन। रणोद्दिपकै पालामा यो भइसकेको छ।

यीमध्ये पहिलो प्रति कुन हो भन्दा केशरीमोहर र लालमोहर रहेको र कुनै नम्बर (लम्बर) खारेज (षारेज) नजनिएको कोड नं. ५३० (हस्तलिखित किताब नं. १) नै पाना नं. ३४ देखि ८५५ जनिई कुल ६२२ पृष्ठको सग्लो पुस्तक नै जङ्गबहादुरको प्रत्यक्ष स्पर्श पाएको प्रति हो।



५३१ नं. को पुस्तकको पंजिकामा गाथगादी र राजकाज भन्ने महल छन्। तर, पुस्तकमा छैन्। यसको अर्थ पानाहरू *बाइण्डिङ* गरिनुअघि नै ती झिकिए। यी दुई महललाई पछि बेग्लै *बाइण्डिङ* गरिएको हुनुपर्दछ। जर्मनीको हाइडलवर्ग विश्वविद्यालयले गरेको अनुवादमा यी दुई महल छुट्टै माइक्रोफिल्म (रिल) बाट लिइएको भनिएको छ।

प्रत्येक नम्बरमा छाप

पुस्तकको प्रत्येक दफा (लम्बर) मा जङ्गबहादुरको नामको कालो छाप छ। आँठी जस्तो रिङमा फलामको गोलो टुक्रामा सम्बन्धित व्यक्तिको नाम उल्टो खोबिल्टा पारिएको हुन्थ्यो। आँठी जस्तो नबनाई एउटा किलामा रसायनद्वारा टाँसिएको गोलो वा चारपाटे सम्बन्धित व्यक्तिको नाम रहेको छाप पनि हुन्थ्यो। यसलाई नेगी छाप भनिन्थ्यो। यस्तो छाप विभिन्न अधिकारीले पनि बनाउँथे। यसलाई त्यही व्यक्तिले सुरक्षित राख्दथ्यो। जनै लगाउनेले यसलाई जनैमा बाँध्दथे। कसैले साँचोको झुप्पामा राख्दथे। ध्वाँसोलाई तोरीको तेलमा फिटिन्थ्यो। जालीदार कपडाको टुक्रालाई बट्टामा राखी ध्वाँसो र तेलको लेपलाई खनाइन्थ्यो। यसलाई अहिलेको अर्थमा 'स्टाम्प प्याड' भन्नुपर्दछ।

मूल मुलुकी अैन/आइन/ऐनका प्रत्येक नम्बरमा 'श्री जङ्गबहादुर कुँवर राणाजी' को छाप छ। कुँवर लेख्न जङ्गबहादुर रुचाउँदैनथे। त्यसैले पछि उनको नामको छापबाट 'कुँवर' हटेको छ। उदाहरणको लागि नं. ६१४ को पुस्तकमा 'कुँवर' छैन। रोचक कुरा प्रस्तावनामा श्री ३ महाराज लेखिए पनि कुनै पनि छापमा श्री ३ जनिएको छैन।

संशोधन, नयाँ थप र पुरानो खारेज आदि कुरामा समेत गहन अध्ययन हुँदा कुन अघि सारियो र कुन पछि सारियो मोटामोटी रूपमा भन्न सकिनेछ।

१९१० सालको मुलुकी ऐनका अन्तिम दुई महलमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गाँडमाराको र मधेशको भन्ने महल छन् । तर, धेरै प्रतिमा यी महल छैनन् । कुनैमा राजगद्दीको र राजकाजसम्बन्धी महल छन् । तर, मूल प्रतिमा यी महल छैनन् ।

जङ्गबहादुरले १९०५ साल वैशाख १३ गतेबाट राणा लेख्न पाउने लालमोहर पाए । त्यसैले १९१० सालको मुलुकी ऐनका प्रत्येक नम्बरमा, 'जङ्गबहादुर कुँवर राणाजी' भन्ने नाम काटिएको नेगी छाप लागेको छ । तर, पछिबाट उनले कुँवर लेख्न छाडे । छापमा पनि राणा मात्र प्रयोग भएको छ । तर, उनले कास्की र लमजुङको महाराजको पदवी पाई श्री ३ लेख्न १९१३ साल साउन १४ बाट मात्र पाएका हुन् ।

१९१० सालको प्रस्तावनामा'श्री ३ महाराज जङ्गबहादुर राणाजी' भनिएको छ । तर, त्यो तीन छाप लागेको लालमोहरको मिति भने 'सम्वत् १९१० साल मिति पौष सुदि ७ रोज ५' लेखिएको छ । श्री ३ लेख्न पाउने अख्तियारी भन्दा अगाडि नै 'श्री ३ महाराज जङ्गबहादुर' लेखिएको कुरा विचारणीय छ । यसको एउटै अर्थ निकाल्न पर्ने हुन्छ, यो ऐन सार्दा ३ वर्ष नाघेछ र राजेन्द्र, सुरेन्द्र तथा त्रैलोक्यको छाप लगाउने काम १९१३ साल साउन १४ पछि भएछ भन्ने अनुमान लगाउनु बाहेक अर्को विकल्प छैन ।

पहिले हिजोआजको जस्तो आवरण (कभर) अन्तिममा छापिने चलन रहेनछ । हिजोआजको जस्तो आवरण पृष्ठ मोटो कागजको राख्ने चलन पनि रहेनछ ।कभर समेत भित्र एउटै खालको कागज प्रयोग गरिँदो रहेछ ।कभर पृष्ठलाई पहिलो पृष्ठ मानी छाप्दै लगिँदो रहेछ । त्यसैले कभरमा छापिएको मिति नै त्यो ऐन जारी भएको मिति होइन । अर्को रोचक कुरा शुरुमा छापिएका मुलुकी ऐनको प्रत्येक अख्तियारी दिइएको प्रस्तावना भने हस्तलिखित नै छन् । सारिएका प्रतिलिपिहरूमा प्रस्तावना छैन । पछिका प्रकाशनमा भने प्रस्तावना पनि प्रेसमा छाप्न थालिएको पाइन्छ ।

१९२७ सालमा कार्यारम्भ भएको १९३८ र १९४२ का संस्करणहरू



जङ्गबहादुरकै आदेशानुसार रणोद्दिप सिंहको अगुवाइमा छापिएको यो पहिलो पुस्तक पाँच खण्डमा विभक्त छ । पहिलो २४८ पृष्ठमा ३० महल छन् भने दोस्रो २०० पृष्ठको छ र यसमा ३३ महल छन् । तेस्रो खण्ड २३२ पृष्ठको भई ३५ महल छन् । चौथो खण्ड भने ४२६ पृष्ठमा विस्तारित छ र यसमा ७९ महल छन् । पाँचौं १३२ पृष्ठको छ । यसमा संशोधित कुराहरू राखिएका छन् । पहिले गुठीको महलमा ३७ नं. सम्म रहेकोमा ३८ नं. यसमा थपिएको छ । केही नयाँ महल पनि छन् ।

रोचक कुरा पहिलो खण्डमा ६ पृष्ठ, दोस्रो खण्डमा २४ पृष्ठ, तेस्रो खण्डमा १५ पृष्ठ र चौथो पृष्ठ २४ पृष्ठ 'शुद्धाशुद्धी' भनेर छाप्ता भएका त्रुटि सच्याइएको छ ।

यो भन्दा पनि रोचक कुरा तेस्रो खण्डको अन्तिममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९२८ साल र चौथो खण्डमा १९२९ साल भनिएबाट यी सालमा ती छापिसकिएको भनिएको हुनुपर्दछ । तर, पुस्तकको प्रस्तावनाको लालमोहर लागेको व्यहोरामा भने जङ्गबहादुरलाई होइन 'श्री ३ महाराज रणोद्दिप सिंह राणा बहादुर' लाई अख्तियारी दिइएको छ । मितिका हकमा, '३८ साल जेष्ठ वदि ४ रोज ३' जनिएको छ । यसको अर्थ यो ऐन छाप्ने, शुद्धाशुद्धि छाप्ने, छालाको कभरसहित *'बाइण्डिङ'* गर्ने र जारी गर्ने काम १९३८ साल जेष्ठमा सकिएको मान्नुपर्दछ । पुस्तकमा छालाको जिल्ला राखिएको छ । यो पुस्तक मदन पुरस्कार पुस्तकालयमा छ ।

विभिन्न नम्वर (लम्वर) हरूमा छाप रणोद्दिप सिंहको छ । रणोद्दिपलाई पहिलो पृष्ठ (कभर) मा कमाण्डर इन चीफ भनिएको छ । प्रस्तावनामा उनलाई श्री ३ भनिएको छ । पृथ्वीवीर विक्रमको लालमोहर लागेको यस पुस्तकको प्रस्तावना पछि कमाण्डर इन चीफमा धीरशमशेरको छाप छ । यसैगरी पकजमा जितजङ्ग, पूकजमा पद्मजङ्ग र गुरू पण्डित द्विजराजको नाम र छाप छ ।

१९१० सालकै मुलुकी ऐनको दोस्रो छापिएको प्रति भने राष्ट्रिय अभिलेखालयमा छ । राष्ट्रिय अभिलेखालयमा रहेको कोड नं. ५३२ को मुलुकी ऐनको छापिएको र छालाकै जिल्ला हालिएको पहिलो पृष्ठ १९२७ मा छाप्न प्रारम्भ भएको भनिए पनि यो अख्तियारी वीरशमशेरलाई दिइएको प्रस्तावनामा लेखिएको छ । यसमा लेखिएको छ-

'.....भै चलिआयामा सोहि बमोजिम गर्नु भन्या हुकुम बक्सौं भन्या भया मुताविक भै चलि आया माफिक सम्वत् १९४२ मार्ग बदी १ रोज ३ उप्रान्त पनि तिमी श्री ३ महाराज वीर शमशेर जङ्ग राणा बहादूर प्राइम मिनीष्टर याण्ड कम्मानडर इनचीफले पनी सावीकमा विरोध पर्न्या र नआ चाहिन्या स्मेत घटाउनु बढाउनु हुन्छ भन्या हुकूम वक्सौं ।

रणोद्दिप सिंह र वीरशमशेरका पालामा जारी मुलुकी ऐनको छपाइमा कुनै फरक छैन । अझ रोचक कुरा वीरशमशेरको पालामा छापिएको यो ऐनको पहिलो पृष्ठ हुबहु रणोद्दिप सिंहकै पालामा छापिएको पुस्तकसँग मिल्दछ । केवल १९३८ सालको संस्करणमा अख्तियारी रणोद्दिपले पाएको देखिन्छ भने १९४२ सालको संस्करणमा वीरशमशेरले । नयाँ राजा फेरिएपछि प्रस्तावनासहित लालमोहर जारी हुने रहेछ । यसै गरी प्रधानमन्त्री फेरिएपछि राजाले ऐन जारी गर्न, लागू गराउन र संशोधन गर्न अख्तियारी दिई नयाँ लालमोहर दिइँदोरहेछ । वीरशमशेरको पालामा छापिएको ऐनमा नयाँ प्रस्तावना छ । तर, यो १९३८ को पुस्तकको पहिलो पृष्ठ झिकेर नयाँ थपिएको पृष्ठ टाँसिएको प्रष्ट देखिन्छ । पछिल्लो संस्करणमा प्रत्येक नम्बर (लम्बर) मा छाप भने वीरशमशेरको छ ।

छापिसकिएपछि नै प्रत्येक नम्बरमा नेगी छाप र लालमोहर लाग्ने हुँदा वीरशमशेरको पालामा पनि १९४२ सालमै पुस्तक जारी नभएको पनि हुन सक्दछ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



प्रथम खण्ड

श्रीमान् श्रीमान् महाराजाधिराज श्री ५ श्री सुरेन्द्र वीर विक्रम शाहदेवबाट प्रकाशित भएको मिति सं. २०२२ साल

काठमाडौं

सौजन्य : मदन पुरस्कार पुस्तकालय

सौजन्य : राष्ट्रिय अभिलेखालय

२०२२ को संस्करण

मुलुकी ऐन १९२७ सालदेखि छाप्न शुरु भई रणोद्दिपका पालामा १९३८ र वीरशमशेरको पालामा १९४२ मा प्रेसमा छापिएर पुस्तकका रुपमा आइसकेको जानकारी कानून मन्त्रालयलाई भएको पाइएन । १९३८ को प्रति मदन पुरस्कार पुस्तकालयमा रहे पनि १९४२ को प्रति त वीर पुस्तकालयमै थियो ।

२०२२ सालमा हस्तलिखित प्रतिबाटै पहिलो पटक छापिएको भनियो । तर, यसमा खारेजी जनिएको ठाउँमा पनि पाइएसम्म अन्य प्रतिबाट व्यहोरा लिइएको स्वीकारिएको छ। २०२२ सालमा छापिएको प्रतिमै दत्त गुठीको ८ नं., मोही तलासिंको ७ नं., रकम बन्दोवस्तको १५ नं., साहु असामीको २१ नं., दवाहाको २३ नं., चौपायाको १३ नं. र जारीको ५ नं. समेतका ७ वटा व्यवस्था 'षारेज' भएका भनी जनिएकै छ । यीमध्ये केवल २ वटामा मात्र सट्टा व्यवस्था अर्थात् संशोधन जनिएको छ। यसैबाट पनि यो २०२२ सालमा छापिएको प्रति १९१० सालकै प्रति होइन । १९१० सालपछिका २८ वर्षमध्ये कुनै वर्षको प्रति यो हुनुपर्दछ । राष्ट्रिय अभिलेखालयमा रहेका कोड नं. ६०२ र ६०३ (पुस्तक नं. १२ र १३) सँग खारेज भएका नम्बरका दृष्टिबाट २०२२ सालको प्रति मिल्दोजुल्दो छ। सम्पूर्ण व्यहोरा दाँजेर पढ्दा ठोस निष्कर्ष निस्कनेछ ।

तर, २०२२ सालको प्रति घोषणा गरिए जस्तो, 'सर्वप्रथम लेखबद्ध' र 'श्री ५ महाराजाधिराज सुरेन्द्र वीर विक्रम शाहदेवबाट' जारी भएको ऐन होइन । जारी भएको मूल प्रतिको पछिबाट संशोधन र खारेज हुँदै आएको प्रति हो । १९१० सालपछिका प्रतिहरूमा कुन पहिलो कुन दोस्रो आदि गहन अध्ययन गर्न सकिएमा छुट्याउन सकिन्छ ।

२०२२ को संस्करणमा 'षारेज' जनिएका नम्बरहरूको व्यहोरा पनि कोड नं. ५३० को किताबमा छन् । उदाहरणका लागि जारीको ५ नं. मूल प्रतिमा यस्तो थियो:-

'उपाध्या र २ लिंगसम्मका जैसिबाहेक अरु कसैले ब्राह्मणको जारी गऱ्यो भन्या काट्न सकन्या ब्राह्मणले आफ्नु जार आफैंले काट्नु. षत लाग्दैन. काट्न नसकन्याले अदालत ठाना औ माल्मा फिराद गर्न आयो भन्या पक्रि तेस्ताको अैन बमोजीमको अंश सर्वस्व गरि दामल गर्नु. अरु जातले आफ्नु जार आफैले काट्नु. अरुलाई लगाइ कटाउन्याको ज्यानको बदला ज्यान हुन्छ काटि मारि दिनु. ब्राह्मणले रहेछ भन्या अैन बमोजीम अंश सर्वस्व गरि दामल गर्नु

जङ्गबहादुरको १९३३ साल माघ १५ गते र राजा सुरेन्द्रको १९३८ जेठ ६ गते देहान्त भयो । युवराज त्रैलोक्यको देहान्त बाबु सुरेन्द्रको भन्दा अघि अर्थात् १९३४ सालमै भयो । छापिएको पहिले प्रतिमै राजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'पृथ्वीवीरविक्रम सम्सेर जङ्गबहादुर साहा बहादुर देव' को लालमोहर छ। १९३८ साल जेष्ठ वदि ५ रोज ३ भन्दा अघि हस्तलिखित मुलुकी ऐनबाट नै मुलुकको शासन चल्यो।

२०१२ सालको संस्करणभन्दा अगाडि मुलुकी ऐनका प्रत्येक खण्ड (भाग) अलग-अलग पुस्तकका रुपमा छापिन्थ्यो। अदालती बन्दोबस्तसम्बन्धी व्यवस्थाहरूमा मात्र अर्थात् यो महलका व्यवस्थाहरू मात्रको छुट्टै पुस्तक खण्ड (भाग) पनि पाइएको छ। प्रत्येक खण्ड (भाग) पृष्ठ १ बाटै शुरु हुन्थ्यो। पाँचै भागलाई छालाको गाता लगाउने काम इच्छा हुनेले व्यक्तिगत रुपमा गर्दथे। जानिफकारहरूका अनुसार गाता लगाउने काम काठमाडौंभित्र ठहिंटीमा हुन्थ्यो।

२०२२ सालमा छापिएको यस ऐनमा देवानी, फौजदारी र कार्यविधिका कुराका अतिरिक्त शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध, पशुपंक्षी सुरक्षा, वन जङ्गल संरक्षण, आर्थिक अनुशासन र सामाजिक मर्यादाका विषयसमेत समेटिएका छन्।

एउटा अर्को प्रकाशन

जङ्गबहादुरकालीन 'मुलुकी ऐन' लाई जर्मनीको हाइडलवर्ग विश्वविद्यालय (Heidelberg University) ले अंग्रेजीमा अनुवाद गराइदिएर साह्रै स्तुत्य कार्य गरेको छ। यसका अनुसन्धानकर्ता र अनुवादक राजन खतिवडा, सिमोन क्युवेलिक (Simon Cubelic) र एक्सेल मिकेल्स (Axel Michales) धन्यवादका पात्र भएका छन्। वेवसाइटका अतिरिक्त पुस्तकका रुपमा प्रकाशित 'The Mulki Ain of 1854, Nepal's First Legal Code' भन्ने पुस्तक मदन पुरष्कार पुस्तकालय (नं. ४५२९७) समेतमा संरक्षित छ।

खारेज (षारेज) लाई जनाउन हामी कानूनका विद्यार्थीले 'Repeale' भनेर बुझ्दछौं। तर, पुस्तकमा खारेजीलाई जनाउन कतै 'Not valid' र कतै 'Cancelled' शब्द प्रयोग भएको छ। करीव ८८२ पृष्ठको त्यस बेलाको नेपाली भाषा र लेखन शैलीको पुस्तकलाई अनुवाद गरी विश्वलाई चिनाइदिने कार्यको जति प्रशंसा गरे पनि कमै हुन्छ। तर, जुन ऐनको अनुवाद भयो त्यो पहिलो प्रति होइन। तेत्रो विश्वविद्यालयबाट अलिकति थप मिहिनेत अपेक्षित थियो। हाइडलवर्गको प्रकाशनमा पनि केही नम्बर (त्यसबेला लम्बर भनिन्थ्यो) मा खारेजी नै जनिएको छ। खारेजीको अर्थ पहिले केही थियो जो अब छैन् भन्ने बुझ्नु पर्दछ। यस प्रकाशनमा 'Adultry' (जारीको) भन्ने महलको ५ नं. लाई Cancelled (पृष्ठ ७४२) भनिएको छ भने 'On Tenants and Landlord's (मोही तलसिङको) भन्ने महलको ७ नं. लाई 'Not valid' भनिएको छ। यी केही उदाहरण मात्र हुन्। तर, खारेज भनिएको नम्बर (लम्बर) सहितको प्रति पनि राष्ट्रिय अभिलेखालयमा छ। यो अनुवादक टोली राष्ट्रिय अभिलेखालयमा पुगेको भूमिकामा लेखिएको छ।

कानून मन्त्रालयले छापेको १९१० सालको भनिएको ऐन १९२२ सालपछिको हो। त्यस छापिएको पुस्तकको सातौं महलका रुपमा, "२२ साल देषी अघिका रकम बुझाउन्या अैन" भन्ने महल छ। यो २२ साल भनेको १८२२ हुनै सक्दैन् १९२२ साल नै हो। त्यसमा २२ साल अघिको सरकारी बाँकी बुझाउन ३५ दिनको म्याद दिइएको छ। यसमा स्पष्ट शब्दमा *बहि नबुझाई रह्याका ढाक्रया जागीच्या रकमी र रकमीका भाई छोरा गैह्रलाई....* लाई ३५ दिनभित्र सम्पर्क राख्न नआए *नेल ठोकी* ल्याइने उल्लेख छ। यसबाट यो "अैन" १९१० सालदेखि सार्दै ल्याइएको १९२२ सालअघिको हस्तलिखित प्रति हो भन्ने कुरामा शंका गरिरहन पर्दैन।

२०२२ सालको कानून मन्त्रालयबाट प्रकाशित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९१० सालको भनिएको 'ऐन' (मुलुकी ऐन) को केही व्यवस्थाहरूको अंग्रेजीकरण गर्ने पहिलो जस भने एम.एस. जैनलाई जान्छ ।

अन्त्यमा,

१९१० साल पुस २३ गते बिहीबार जारी भएको यो विस्तारित ऐनका विषयमा हामी नेपालीहरूले गौरव गर्नुपर्ने हो । विभिन्न पटक संशोधन गर्दै २०२० साल साउन मसान्तसम्म यसैको आधारमा देशको कानूनी प्रणाली सञ्चालित हुँदै आयो । २०२० साल भदौ १ गते लागू भएको मुलुकी ऐनले मात्रै यसलाई विस्थापित गऱ्यो । तर, दुःखलाग्दो कुरा १९१० सालदेखि अनवरतता कायम गर्दै आएको मुलुकी ऐन संस्कृतिलाई आधुनिक हुने नाममा हामीले २०७४ सालमा संहिताहरूद्वारा प्रतिस्थापित गऱ्यौं । परिवर्तन आवश्यक छ । तर, परिवर्तनको नाममा आफ्नोपन तिरस्कृत हुनु हुँदैनथ्यो । ऐनका व्यवस्थाहरू समयानुकूल बनाई मुलुकी ऐन देवानी खण्ड, मुलुकी ऐन फौजदारी खण्ड र यसैगरी कार्यविधि खण्डहरूको शीर्षक दिइएर कानून जारी गरेको भए कसैको केही बिग्रँदैनथ्यो । संसद्ले मुलुकी शब्द फालेन । मस्यौदाकारले मुलुकी शब्दलाई पनि तिरस्कृत गरेका थिए । मुलुकी शब्द कायम छ, यसैमा सन्तोष गर्नुपर्ने अवस्था आइलागेको छ ।

सन्दर्भसूची

(१) Padma Jung Bahadur Rana, Edi Abhay Charan Mukerji, **Life of Maharaj Sir Jung Bahadur of Nepal**, Ratna Pustak Bhandar, Kathmandu, 1909 Reprint 1990.

(२) माधव कुमार बस्नेत, नेपालको अन्तर्राष्ट्रिय पहिचानमा अर्को उपलब्धि, देशसञ्चार (अनलाइन पत्रिका), २०७८ साउन २

(३) Dr. M.S. Jain, **The Emergence of A New Aristocracy in Nepal (1837-58)**. *Sri Ram Mehra and Co. Agra, Reprint 1992.*

(४) ग्रीष्मबहादुर देवकोटा, नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, केशवप्रसाद लम्साल, काठमाडौं, २०२४ ।

(५) Rajan Khatiwada, Simon Cubelic, Axel Michaels, **The Muluki Ain of 1854 Nepal's First Legal Code**, Heidelberg University, Germany.

(६) सरदार भीमबहादुर पाण्डे, त्यसबखतको नेपाल, भाग ५, फिनिक्स बुक्स, काठमाडौं, पाँचौं संस्करण, २०७६ ।

(७) Krishna Kant, Adhikari, **Nepal Under Jung Bahadur 1846-1877**, Vol. 1., BUKU, Kathmandu, 1984.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राणाकालीन ऐतिहासिक पत्रहरू

– प्रकाश दर्नाल*

राष्ट्रिय अभिलेखालयको नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अन्तर्गत परराष्ट्र मन्त्रालयका कागजपत्रहरू माइक्रोफिल्म गरी सुरक्षित गरी राखिइएको छ । तिनै मध्ये केही राणाकालीन ऐतिहासिक पत्रहरू अनुसन्धाताहरूको लागि उपयोगी हुने देखेर मुख्य सार सहित यहाँ उल्लेख गरिएको छ ।

DNA.4-18 - 001.



स्वस्ति श्रीमद्‌ति प्रचण्ड भुजदण्डेत्यादि श्रीश्रीश्री महाराज जङ्ग वहादुर राणाजी.सी.वी.

थोङ लिन पिम माको काङ् वाङ स्यान प्राइमिनिष्टर याण्ड कम्याण्डर इन

चिफ देवेषु. सदा समर विजयीषु . जीवनाथ शर्मण. श्रुभाशीर्वादपूर्वक पत्रमि

दम. हजुरका पुण्य प्रतापले यहा कुशल आनन्द छ . ताहा हजुरमा सदा सर्वदा

कुशल आनन्द रह्या . मेरो प्रतिपालन होला. आगे याहाको समाचार भलो छ . उ

प्रान्त . आश्विन सुदि ५ रोज ४ का दिन लेषिवकसनु भयाको मेहरवानगीको रुक्का

कार्तिक वदि २ रोज २ का दिन आइ पुग्यो . अर्थ विस्तार मालुम भयो १ स्थापन

का गडवडले . मेरा मनमा साह्रै सन्ताप भैरहेछ . यो सन्ताप छुट त छ कि छुट्‌तै

नभन्या हुकुम आयाको रहेछ पण्डितहरू आफ्ना मुखले कैले पनि कायल हुदैन

न. झगडा गर्दै रहन्छन . कुरा छिनीदैनन् भनि मध्यस्थ राषनु पर्दछ . सो एस

कुरामा हजुरवाट पारवाला राजालाई र उनका धर्म सभालाइ मध्यस्थ राषि

---

*पूर्व प्रमुख, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्णय हुदा मध्यस्थहरूले जो कुरो ठहराया . त्यो कुरो दुवै तरफका पण्डितले मा
न्नु पर्छ. मान्दैनौ भन्न हुदैन . धेरै ग्रन्थका धेरै निषेध वचनका अर्थ र ती जति नि
षेधका वचन छन् सबै निषेधका सामान्य वचन छन् . पतिको आज्ञा नभयाका सं
स्कार नभयाका दीक्षा नभयाका यस्ता स्त्रीलाई . वचनले निषेध गऱ्याको हो भनि
सबै वचनको एक वाक्यता हुन्छौ पतिका आज्ञाले स्थापन गर्न हुन्छ भन्या यस्ता धे
रै विधिको वचन जो छन् ती विधि वचनले कस्ता स्त्रीलाई स्थापन गर्न हुन्छ भनि
विधान गऱ्याको हो . त्यस्को पनि एउटा अर्थ लगाउनु पर्दछ भनि धर्म सभाका
पण्डितहरूले भन्दा राजाराम शास्त्री, वालशास्त्रीहरूवाट केही अर्थ लागि सक्ये
न .उठिकन आफ्ना घर २ मा गया अर्का दिन एक पद्धतिको पुस्तक लिइकनगया
का थिया उसमा यजमानले आफ्ना हातले केही काम पनि नगर्नु .जो गर्नु छ सबै आ
चार्यद्वारा गराउनु भनि लेष्याको रहेछ . सो पद्धति सभामा प्रमाण ठहरेन उस दिन
उत्तिकै भयो अर्का दिन फेरि वोलाइ पठाउदा राजाराम शास्त्री वालशास्त्रीहरू सभामा
आयानन् . महाजन हरिचन बाबुका हात हामीहरू आउदैनौ . तिमीहरूको व्यवस्था प
त्रखण्डन गराउनु छ भन्याव्यवस्था पत्र हाम्रा घरमा पठाइ देउ खण्डन खण्डन गरी पठाई दिउला भनि पठाया
. सभामा वस्याका पण्डितहरू ले पनि . तिनीहरूको हुदैन भन्न्या व्यव

.....

मुख्य विषय

व्यवस्था विचलनका विषयमा झगडा हुँदा त्यसको छिनोफानो गर्न बसेको धर्मसभामा भएको गतिविधि श्री ३ जंग वहादुर राणामा जाहेर गरेको जाहेरी पत्र ।



DNA.4-18 - 002.

निर्णय हुदा मध्यस्थहरूले जो कुरा ठहराया त्यो कुरा दुवै तरफका पण्डितले मा

न्नुपर्छ मान्दैनौ भन्न हुदैन . धेरै ग्रन्थमा धेरै निषेध वचनका अर्थ र ती जति नि

षेधका वचन छन् सवै निषेधका सामान्य वचन छन् पतिको आज्ञा नभयाका सं

स्कार नभयाका दीक्षा नभयाका यस्ता स्त्रीलाई वचनले निषेध गऱ्याको हो भनि

सवै वचनको एक वाक्यमा हुन्छौ पतिका आज्ञाले स्थापन गर्न हुन्छ भन्या यस्ता धे

रै विधिका वचन जो छन् ती विधि वचनले कस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीलाई स्थापन गर्न हुन्छ भनि
विधान गऱ्याको हो . त्यस्को पनि एउटा अर्थ लगाउनु पर्दछ भनि धर्म सभाका
पण्डितहरूले भन्दा राजाराम शास्त्री .वालशास्त्रीहरूवाट केही अर्थ लागि सक्ये
न उठिकन आफ्ना घर २ मा गया . अर्का दिन एक पद्धतिको पुस्तक लिइकन गया
का थिया उसमा यजमानले आफ्ना हातले केहि काम पनि नगर्नु जो गर्नु छ सव आ
चार्यद्वारा गराउनु भनि लेष्याको रहेछ . त्यो पद्धति सभामा प्रमाण ठहरेन . उसदिन
उत्तिकै भयो . अर्का दिन फेरि वोलाई पठाउदा . राजाराम शास्त्री वालशास्त्रीहरू सभामा आयानन् महाजन
हरिवन बाबुका हात हामिहरू आउदैनौ . तिमीहरूको व्यवस्था प
त्र खण्डन गराउनु छ भन्या . व्यवस्था पत्र हाम्रा घरमा पठाइ देउ खण्डन गरी पठाइ दिउला भनि पठाया .
सभामा वस्याका पण्डितहरूले पनि तिनीहरूको हुदैन भन्या व्यव
स्था पत्र पठाई दिउन . हामि खण्डन गरि पठाइ दिउला भनि जवाफ दिया . एस उसले यस्तो पक्ष गर्न्या
पण्डितहरूक ासम्मतिको क्या प्रमाण छ . तिनीहरूले सम्मति गर्नु पर्दैन ति नीहरूका सम्मतिको मलाई अपेक्षा
छैन . व्यवस्था पत्र तयार गर भनि तयार गराइ पार
वाला राजाले चह्राइ पठायाको व्यवस्था पत्रहजुरमा दाषिला भयो हो उसले सव हाल जाहे
र होला.अव एतिभयापछि कसैका पैसा . कौडिको अपेक्षा नराषन्या पारखाला राजाले आ
फ्ना धर्म सभामा सव पण्डित वटोली निर्णय गर्दा पण्डितहरूले जौन कुरामा सम्मति ग
ऱ्या त्यो कुरो प्रमाण हुन्छ . रुपैया षाइकन सम्मति गऱ्याको मन पऱ्याका मानिसको नाम लेष्याको व्यवस्था
पत्र प्रमाण हुदैन धेरै रुपैया दिया देषि आजकलका पण्डित हे सकल कुरामा सम्मति गर्दछन . धर्मा धर्मको
विचार केहि राषदैनन् साना २ ठाउमा त धेरै जग्गा मा इनिहरूले दुवै तरफ सम्मति गऱ्याका छन् .ठूला ठाउमा
पनि . रुपैया षाई पैले जयपुर वाला राजालाई रंगाचारिहरूको रामानुज मतवेद विहित होइन भन्या व्यवस्था
पत्रमा स म्मति गरि दिया पछि रंगाचारीले धेरै रुपैया दिदा रामानुजको मतवेद विहितै हो
भनि रंगाचारीलाई पनि व्यवस्था पत्रमा सम्मति गरि दिया इनीहरू पैसा ले सम्मति गर्न्या
हुन धर्म हेर्न्या होइनन् आजकल नदिया सान्तिपुरबाट स्त्रीलाई १ स्थापन गर्न हुदै
न भन्या व्यवस्था पत्र मगाइ पठाया भन्या कुरा सुनिन्छ .इसवै पोकाका सम्मति भयाका व्यवस्थापत्र
हुन तिनीहरू भन्दा पैल्हे मैले पनि कलकत्ताको पाठशाला, भाट पारा नदीया सान्तिपुर .इ तीनै जग्गाका
पण्डितहरूको सम्मति गराउन मानिस पठायाको थियो त्यसै वीचमा नदीया सान्तिपुरको व्यवस्था पत्र सर्कारमा
दाषिल भयो . उतैवाट मगाइयो भ
न्दा सुन्या र षर्च धेरै लागन्या हुदा डरले नदिमा सान्तिपुरको रोकाइ पठाया कलकत्ता
का पाठसालाको दस्योट पाराको व्यवस्थापत्र मसित छ .अझ पनि त्यस्को काम छ भनि हुकु म भया हजुरमा
चह्राइ पठाउला जहासम्म पतिको आज्ञा भयाका भया पनि संस्कार भ
याको भया पनि दीक्षा सुन्याका भया पनि स्त्रीलाई सर्वथा अधिकार छैन भन्या यस्ता स्मृति का स्पष्ट निषेध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भयाको वचन मिलदैनन् ताहासम्म यो सनातन चली आयाका रितिमा हजुरवाट कत्ति पनि सन्देह राषि वक्सनु पर्दैन कि भन्यलै मेरो चित्तमा लागदछ . वाहाप

छि जान्या हजुर होइ वकसनु हुन्छ जो हुकुम सो सहि वहुत कहातक विन्ती गरु ई मेरा शुभ चिन्तक हुन भनि मेरा उपर मेहरवानगीको नजर राषि वकसनु भया मेरा दुष्ष

दारिद्र्य दूरहोला विज्ञेषु प्रतिपालकेषुकिमधिक मिति सम्वत १९१० साल मिति

कार्तिक वदि १२ रोज ६ मुकाम वनारस रामघाट पटनी मलका हवेली शु

भ

मुख्य विषय

बनारस रामघाट पटनी मलका हवेली मार्फत् त्यहाँ व्यवस्था विचलनका विषयमा भएको झगडाको न्यायनिसाफ पण्डित राजाराम शास्त्री र वालशास्त्रीहरूबाट हुन सकेन त्यो हामीलाई चित्तबुझेन अतः नेपालको दरबारबाट नै हुनु पर्‍यो भनी अन्यायमा परेका व्यक्तिहरूले गरेको माग अर्जिपत्र । मिति वि.सं. १९१० कार्तिक वदि १२ रोज ६ शुभम् ।



DNA 5.97.008

अगरेजी अषबारसै मालुमहुबा षबर नेपालका । ..१..... महा__
राजे बहादुर वाली नेपालके । मै १२ हजार सिपाहगोरषां के
मुकामगाह अपनी से कूँच फर्माकर वास्ते सैर शिकार के
या किस्त और इरायदेसे तराई के मुल्कमे रौनकअफरोज
हुवेहैं । और प्रांइम्मिनिष्टर कम्यान्डर इनचिफ जनरल
जंगबहादुर कुवर राणा साहब वजीर सलतनतती ।
महाराजे ममदूहके हमराह रकाब हैं । और गोरषोंने
बिच इलायके तिर्हुतके हंगामा और दस्तन्दाजी शुरु करी है ।
जिस दिन से गवरमिंट अगरेजी ने येह षबर सुनी है । वास्ते
जमाहोने पलटनोंके बिच इलाहबादके हुकुमपहोँचाहै
चुनान्ते ८ पलटन् अंगरेजी इलाहाबादमे पहोँची हैं । और
जमाहुई हैं । यहा से देषा चाहियै । सिपाहमज्कुरको किस
तरफ
जानेका हुकुमहोवे । मुलतानकीषबर से मालुमहुवा ।
तारीष २१ जनवरीको उपर किले मुलतानके फौजअंगरेजीने
हिल्लां कर्नेकी तैयारी करी थीं । और वास्ते कर्ने हिल्लेके
सिपाहको हुकुम सुनायागयाथा । और तीन तरफ से किले
की फसीलनी टुट चुकीथी । येह षबर सुनकर दीवानमूल
राजनाजममुलेतानका मै ३ हजार सिपाहअपनीके मै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कई सर्दार हमाराहियोँ अपनेके लशकर अंगरेजीमे चलाआ
या । और जनरल विश साहब से आमिला । जिस्काहालपहेले
बन्देने । हजुरमे अरज कियाथा । बादइस्के ऐसा सुना जाता
है के मिन्जुम्ले सिपाहअंगरेजीमुतैय्यनमुलतानके
२ पलटन् अंगरेजी २ रिजमट सवार मै २ तोपषानेके मुल
तान मे छोडे गए । और तारीष २४ जनवरीको दिवानमूलरज
को कैदकर्के बहिफाजत १ पलटन्के तरफ माषोवालके
रवानाकिया । वहाँसे साथहुकुमगवरनर जनरलके लाहौ
रमे भेजाजायगा । और सर्दार दोस्त महम्मदषाँका १ बेटा
मै जमैय्यतअपनीके हैदराबादसिन्धके जिलेके पहोचाहै
उस्के तदारुकके वास्ते ८ हजार सिपाहमुलतान से
तरफ सिन्धके भेजीगई । और १ पलटनको हुकुम
हुवा के जितनामाल मुलतानकीलूटका जमाहुवाहै ।
इस मालको फीराजपुरमे पहोँचाडो । मालमज्कुर नीलान
होकर रुपयामालनीलमका सिपाहअंगरेजीको बतौर
इनाम तकसीमकियाजायगा । सिवायइस्के १९ हजार
सिपाहप्यादा सवार तोपषानावगैरोने मुलतानसे
तरफ दर्याजेलम के कूँचकियाहै । येह फौज लारड् सर
हफगफ साहेब सिपहे सालार बहादुरके लशकरमे शामि
लहोकर । सर्दार चतर सिंह शेर सिंह वगैरोसे मुकाबला
करेगी । पंजाबकीषबर से मालमहुवा सर्दार चतर सिंह
सर्दार शेर सिंह मै ९० हजार सिपाहसिष्षाँके और १२ हजार
पठानोँके दर्याजेलमसे उस तरफ षेमेजन् हैँ । लाटसिप
हेसालार बहादुरके लशकरके मुकाबलपर पडेहैँ । सुनाजा
ताहै गवरनर जनरल बहादुरने मुकाम माषोवालसे कूँच
फर्माकर तरफ फीरोजपुरके मुतषज्जै हुवेहैँ । माफिक
हुकुमगवरनर जनरल बहादुरके लशकरमे और लुध्या
नाअबालाफीरोजपुर लाहौर दिल्ली मेरठ वगैरे तमाम
छावनियोँमे बाबतफते मुलतानके २१/२१ आबाजतोपकी
सर हुई । मालूमहुवा साहेबान् अंगरेजने दिवानमूल
राजको बहिफाजतसिपाहअंगरेजीके बरस्ते बहावल
पुरके गवरनर जनरल बहादुरके लशकरको रवानाकिया
है और साहेबान् मौस्तफने किलेमे जाकर मालनकदी
तोपेषानाषजानावगैरे दीवानमूलराजका कलमबन्द

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किया । ४० तौपँ ४ पुब्बारे दीवानमूलराजके सर्कार अंगरेजी ने अपनीसिपाहके सुपुर्द किये । और अंदर किलेके और शहेरके जबजापहेरे गोरोके कायम ।किये सुनाजाता है । येह तोपषानाऔर मालनकदीवगैरे दिवानमूलराजका फीरोजपुरमे मगवायाजायगा । लषनउकी षवरसे मालूम हुवा । वाजदअलि पुगह वाली लषनउको आरजा वीमारी अतशक्ककी । बशिछतहै । पेशाबकर्त्ते समे । ४।४ घडीतक गफलतमे रहेते है । लुध्यानेका षबर से मालमहुवा

DNA 5.97.009

नवाब गवनर जनरल बहादुर माषोवालसे कूँचफर्माकर फीरोजपुरमे दाषिलहुवे । तारीष १ फरवरीको षलीता बनाम महाराजे दिलीपसिंह बहादुरके बिच मुल्त दूमेतलबके लाहौरको रवानाकिया । षबर है के महाराज ममदूह वास्ते मुलाकात गवरनर जनरल बहादुरके फारोजपुरमे तशरीफलावेँगे । वादमुलाकातके गवर नर ममदूह हुमराह महाराजके लाहौरमे तशरीफ लेजाँ यगे वहाँपहोँचकर दीवानमूलराजकी रुबकारी करेंगे । मालूमहुवामुलतानके किलेमे २७लाष रुपयानिकला है माल नकदीवगैरे दीवानमूलराजका । फारोजमुरमे तलब कियागया है । और दीवानमज्कूर बहिफाजतसिपाहअंग रेजीके मुलतानसे रवानाहुवा है । फीरोजपुरमे आवेगा लाहौरमे पहोँचकर हुकुमअषीर पाकर । जिले मंबैको भेजाजायगा या कलकत्तेको भेजाजायगा । सुनाजाता है महम्मदअकरम षाँ बेटा अमीर दोस्त महम्मदषाँ काबुल बालेका । बजमैय्यत ८ हजार आंदमीके छानकर सर्दार चतरसिंहके शरीक हुवाहै । अगर्चे दीवानमूलराजनाज म मुलतानका सर्कार अंगरेजीमे गिरिफतार हुवा और किला



मुलतानका । फौज अंगरेजीके कबजेमे आया । लेकिनअभी तकसिष्षाँकाफसाद नही मिटा है । स्तर तये है के । सर्दार चतरसिंह मैजमैय्यत अपनीके । पेशावरके जिलेमे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षेमेज
न् है । और सिपाहकाबुलकी । उस्के हमराहमौजूद है ।
सिपाहअंगरेजीसे अनकरीब लडाई होनेवाली है और
सर्दार शेरसिंह मैजमैयत अपनीके । मै ३०/३२ हजार
आदमीके लशकर अंगरेजीके मुकाबलेपर पडा है । मुस्तैद
जंग है । और रामसिंह मैजमैयतअपनीके । इधर उधर
दंगाफसादकर्त्ता फिरता है । सर्दार शेरसिंह चतरसिंह वगैर
के तरफ से । सवालात् मामले सुलाहके दर्पेश है । लेकिन
अफसरान् अंगरेजीको साथसिष्षोंके दबकर मिलाप
कर्ना मन्जूर नँहि है । सिपाहअंगरेजी हमराही जनरल
लाटसिपह सालार बहादुरकी । जो दर्याचिन्नाबके और
जेलमके दर्म्यानमे डेरा रषती है । फौजमज्कूर मंबैकी
फौज जो मुलतानसे इस तरफको रवानाहुई है उसका
इन्तजार कररही है । बाद आवने फौज मंबैके सिपाहमज
कूर बाहमू होकर सर्दार शेरसिंह वगैरोसे कुकाबला करे
गी सुनाजाता है इनदिनोमे । सर्दार शेरसिंहकी
सिपाह से ३ लडाई हुई लेकिनसिष्षगालिबर हे ।
सुनाजाता है सर्दार शेरसिंह वगैरोके तरफसे वैगाम सुला
हका । मै कई सवालात् के । मार्फत एक साहबअंगरेजके
लारड् सिपहे सालार बहादुरके पास पहोँचेथे सो नामन
जूर हुवे। साहवमज्कूर लशकर अंगरेजीसे जवाबहासिलकर्के
सर्दार शेरसिंहके लशकरको रवाना हुवे । फौजमंबैकी
मुलतानसे रवानाहुई है । तारीष १५ फरवरीको लारड् सिपा
ह सालार बहादुरके लशकरमे पहोँचेगी । अन्करीब
लडाई होनेवाली है । आइन्दे देषाचाहिये क्या जहूरमे अवे
लाहौरकीषबरसे मालूमहुवा कर्नैल लारन्स साहवबहा
दुर रजीडंटलाहौरके । लरड् सर हफगफ साहबबहादुर
सिपहे सालारके लशकरसे वापिस आनकर लाहौरम
दाषिलहुबे । महाराजदिलीपसिंह बहादुरके दर्वारसे तशरी
फ लेगए । महाराजेसे मुलाकात करी रजीडंटके कातने
मसरुफ हुवेथे । इस अर्सेते । हुकुम गवरनर जनरल
वहादुरका वनाम साहव मौसूफके । इस मजसूनका पहोँ
चाके । तुम लारड् सिपहे सालार बहादुरके लशकरमे
जाकर । हाल सर्काशान् सिष्षाँ सर्दार शेरसिंह वगैरँका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मालूम कर्के । तुमअपने तौरपर । मुनासिब नामुनासिब समुझकर । बहमराह सिपाह लारड् सिपाहे सालार बहादुर के । सिपाह मंबै जो मुलतानसे आती है । उसे शामिलकर्के सर्दार शेरसिंह वगैरे सिष्याँसे मुकाबला करो ।अथवा मुनासिवजानो सुलह करो और बिच मुकद्मे । आसूरात मुल्कपंजाबके । तुमको बिलकुल इष्टिहार दियागया । साहौ वरदास्तै तुम्हारा गवरमिंटअंगरेजीको कबुल और मन्जूर है । चुनाचे । साहबमौसूफ इस हुकुमके बमूजिब मुकाम लाहौरसे कूँच फर्माकर लारड् सिपहे सालार बहादुरके लशकरको रवानाहुवे है । शुभम् ।।।।।।

मुख्य विषय

अंग्रेजी भाषामा अखवारमा छापिएको समाचारका वारेमा लेखिएका कुरालाई जाहेर गर्न श्री ३ जंगवहादुर राणालाई समाचारको उल्था पठाएको पत्र ।

DNA 1.92.015

श्री

श्री ३ महाराज

१

वितिंपत्र

उप्रान्त गरिपरवर म सवारीवाट यसैतर्फ आयादेखि १ का गाथको छेमकुसल केही पायाको याहा वनारसमा भन्या हिजो पेनियरका अषवारमा १



का गाथको जुलुमि षवर सुन्दा हामी वेहोस भै रह्या छु हजुरवाट मेहेरमा

नगीका साथ १ का क्षामकमलको सिक्ष्या लेषि वकस्या हामी लाई तस

ल्ली हुन्या थियो जाहा जेठा मैञाका अर्थलाई मैले अधी चह्राई पठायाका विन्ती

पत्रवाट पैलेको वेहोरा जाहेर भयाकै होला हालको वेहोरा मैञावाट नेपाल म

अवस्य जांछु तर मैले चारधाम नगरि जान्न भनी क्रीया षायाको छु चारधाम नभया पनि

यकधाम गराइ लग्या मेरो क्रीयाको दोस मेटीदो भनी मर्जी हुंछ ताहावाट सिक्ष्यामा

जो लेषी आउला सोही मुताविक गरुंला अर्थात्तर जो परि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आउला सो विन्ति चह्राइ पठाउ
ला १ का गाथमा तेस्तो केही परि आयेछ भन्या मैले क्या गर्न्या हो. हजुरका सिक्ष्या
मुताविक ताहा हाजीर हुन आउछु . लेषदा हरफमा उचनीच पऱ्याको माफ वक्स्याजाव
स् कींवह'
इत श्री गुरु प्रोहीत षजांची वामदेव पंडीतज्यूको चतुर्वेदोक्त सुभ आ
सिर्वाद

मुख्य विषय

जेठी मैया साहेबलाई चारधाम यात्राका लागि जाँदै गर्दा अकस्मात् सन्चो नभएकोले चारधाममध्ये एउटाधाम भए पनि दर्शन गराई हाजिर हुन आउँछु भनी गुरुप्रोहित षजांची वामदेव पंडितले श्री३ महाराजलाई लेखेको बिन्तिपत्र ।

DNA 1.78.013

वितिपत्र
उप्रांत अमिनिका कामलाई ७ जिल्लाको सर्दार रत्नमानसिं राजभंडारी यकलैले
मात्र गर्नु पर्दा र अरु पनी परि आयाको काजकाम गर्नु पर्दा सवै जिल्लामा आफु पु
गि जाचवुझ हुन सक्तो रहनेछ . मोरंजिल्लामा पनि २ । ३ ठाउ सिवानाका लठ्ठा विग्री अं
गरेज तरफवाट. हाम्रा जिल्ला मिचियाको छ भनि रयेतहरू
कराउन आयाका छन्
सर्दार रत्नमासिं राजभण्डारि याहा मोरंमा नआयाको ३४
वर्ष भयो भन्या कुरा
याहाका मानिसहरूले मसँग विंति पनि गऱ्या . मैले पनि
वुझि हेर्दा . सिवाना मिचिया
को साचो ठहऱ्यो . मेरा चित्तले पनि तजविज गर्दा सिवाना
को र पुलीस ठानाको १ ज
नाले मात्र काम भियाउन्या छैनन् भन्या ठहराई ३ भाग गरि
दिया. सिवाना पुलिस ठा
नाको काम वेस गरि होला . मोरं सप्तरि १ जनालाई
महुतरि सर्लाही १ जनालाई रौ
तहट वारा पर्सा चितवन यति सर्दार रत्नमानसिंलाई गरी
वक्स्या १ को सिवा
ना विग्य्राको पनि सचिन्या ठाना पुलिसको काम पनि
चलन्या हुन्छ सर्दार रत्नमान
सिंराजभडारिले काम नगऱ्याको भन्या रहेनछ धेरैकाम



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुदा भीयाउन नसक्याको रहे
छ यस्मा कसो गर्न्या हो भनि विंति पार्दा २ वाट तिमिले यो तजविज वढिया ग
च्याछौ यस्कामको वन्दोवस्तलाई तिम्रा तजविजले अमरदल कंपनीका जवान म
ध्ये ७ तै जिल्लामा निल्लअनुसार दामासाहि गरि ३ फाँट गरी दिनु भन्दा मेरा नाउमा गरी
वक्स्याका रुक्काको नकल १ यसै मुद्दामा ३ फाट गरि मैले गरिदियाका दस्षतकान
कल ३ सर्दार . रत्नमानसिंराजभडारिका नाउमा अमर दल कंपनीका जवान मध्ये
येती दिनु भन्या रुककाको नकल १ लापच्या सुवाहरूलाई माना चामल वक्स्याका रु
क्का दस्षतका नकल २ ज्मा नकल कित्ता ७ चह्राई पठायाका छन् सवै विस्तार न
जर भै जाहेर होला अवई अमिनि काम गर्न्याका नाउमा पठाइ वक्सनु पर्न्या स
वाल कुवुलियेत र विछाउना वहीवस्ता कागजमसि तेल वत्ति अमिनिलाई अ
धि दियाको छ भन्या तेसैमा दामासाहि गरी पठाई वक्स्याजाला अघिगयाको
रहेनछ भन्या हजुरवाट जतविज गरिवक्सी .वहिवस्ता गैह्र स्मेत चाडो पठाइ वक्स्या
वढिया होला औ हिजो षेदामा दारोगा काल्पा पट्टि १हावदामा मिस्कयाको अ
सल दोदता मझौला १ जोषादारोगा पट्टि सछाउर १ पक्रिया यसपाला भागन्या
जागिन्याहरू सवैको २२ सालको वाली थुनि दिनुभनि लेषि पठाउनु भन्या हुकुम
भयो र विति चह्राइ पठायाको हो . हिजोरात्मा कर्णेलरणसिं षतृ क्षात्रीकी कमारी १ क
मारो भोघ्रा भरिया २ र इन्सायन पदनाभपाध्याको कमारो १ चिरुवादार १
पनि भागि रह्याछन . लेषनाको उचानिचा माफगरी वक्स्याजाला विग्येचरणे
षु किमघिकं इति सम्वत १९२१ साल मिति पौष सुदि १३ रोज ३ मुकाम वैरवोला
शुभम
इत श्री मद्राजकुमार कुमारात्मज पश्चिमतर्फका
कम्याडिंङ जनरल श्री जगत सम्सेर जङ्ग कुवर राणाको कोटि कोटीमा ष्टांगडण्डवत सेवा

मुख्य विषय

मोरंगदेखि चितवनसम्म तराइको अमीनी काम रत्नमानसिं राजभण्डारीलाई तोकिएको उनले काम नभ्याएको र सीमानामा अंग्रेज फौजले सीमा मिच्न थाल्यो भन्ने गुनासोहरू आएकोमा छानवीन गरी जनरल जगत समसेरले श्री ३ जङ्गबहादुर राणाकन जाहेर गरेको बिन्तिपत्र ।

DNA 5.94.004

षवर दिलीकी हजुरवाला वदस्तर किलेमे मुकाम रषते हैं ।
वडेसाहव अपना कोठी मे मुकाम रषते है । इरायदा सफर दौरेका
दर्चे शहै । ०। दिल्लीमे शिद्दत वीमारी की १ अभीतक वदल रहै ।
बीमारीसे आदमी वहोत मत्ती है । ० । १ पलटन तिलंगे की
को पलसे आई दिल्लीमे इ मुकाम कर्के अवालेको खाना होई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



१ पलटन दिल्लीकी छावनीसे । कुचकर्के फोरोजपुर को रवा
ना हुई । ० । २० छकडे भरे सुवे असवाबमेषजीत के । दिल्लीसे
फिरोजपुरको खाना हुवे । ०। ग्रेट हिडसाहव इजंट लुध्याने
के । वजाय थिरस्वी साहवके । इजंट जैपुरके मुकर्रि रहोकर
दिल्लीमे आए । २ । ३ मुकाम कर्के जैपुरके जावेगे और
थिरस्वीसाहव इजेट अजमेरके मुकर्रि रहुवे । ०। हजुर ला
ने कारवार मुष्त्यारी सलनतनका । राजा जोरावरसरचद मुष्त्यार
माजलके सुपुर्द किया । ०। ग्रेट् हिटसाहव । जैपुरको रवाना
हुवे । ०। १० लाष रुपया । दिल्लीसे अंवालेको रवाना हुवा
७५६ कडा असवाव मेषजीनका । फिरोजपुरको खाना हुवा
।। मालम हुवा । सरनीफ कस्क साल वसियहे सालार वहादुर
कलकत्तासे । कानपुर मे दाषिल हुवे । जल्द आगरेमे तशराफ
लावंगे । ० । मालुम हुवा । कर्नैल इस्पियर इजंट ग्वालियर के
धौलपुरमे मुकाम रषते है । उपर औधे इजंटी नागपुरके
मुंकारिर हुवे । ० । और इलायका इजंटी उषा लियरका । मिस्तर
सलेमन साहव मोहोत मिम ठगों के है । उनके नाम पर
मुर्कीरर हुवा । ० । अजमेरकी षवर से मालुम हुवा ।
राजा धौकल सिंह । साहव इजंट अजमेर से इजाजतपाकर
वास्ते माजरत महाराज मानसिंह के । जोधपुरमे पहोंचे ।
लडरु साहव इजंट जोधपुरके ने । और नाजर मोतीरामने
इस्तक वाल कर्के । राजा धौकलसिंहको जोधपुरमे लेगरा ।
राजा धौकलसिंह । रानी साहवकी षिदमतमे पहोंचा । महा
राज वैंकुट वासी की माजरतकरी । और अरजकियाके ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आप किस्स लडकेको फर्जन्दीमे लेकर । गद्दीनशीन किया
चाहती है । मै हकदार रियासतका हुँ । मुझे हुकुम फर्मा वें
वादमुलाहेजेके । रानीसाहवने फर्मायाके । अव इष्त्यार
रियासतका । साहेवान अंगरेजको है । सिवाय इस्के । जो के
महाराज वैकुंठ वासी । वसीहतकर गरा हैं । माफिक उस्के
अमल मे आवेगा । ०। लाहौर की षवरसे मालुम हुवा । महाराज
दिलीपसिंह । राजा हीरा सिंह । इंतजाम रियासतमे मसरुफ
है । ०। षलिते गवरनरवहादुरकै । और लेफटट गवरनर
आगरे के । और साहेवान लध्यानि फीरोजपुर वगैरे के
वीच मुकद्दमे मातपुर्सी महाराज शेरसिंह के । और मुनारि
क वादी मसनद नशीनी महाराज दिलिप सिंह वहादुरके
विच लाहौर के पहौंचे । महाराज दिलिप सिंह ने । वाद मुला हे
जे के । जवाव षलीतौंके । लिषवाकर जावजा रवाना किये ।० ।
कलकत्तेकी षवरसे मालुम हुवा । मिस्तर तानसैन साहव
सिकर्त्त र षाजम । वजाय मिस्तर किलारक साहव के ।
लेफटंट गवरनर आगरेके मुकरिर हुवे । षवर है । मिलर
किलारक साहव मुस्तौफी होकर वलायतको जावेंगें । ० ।
सुना जाता है । फीरोजपुर मे लुध्याने मे । अंवालेमे । ३२ पल
टनका लामवा जायगा । फौज मज्कुर के । तीन विरग
इ तीनो जिलेमे रहेगे । जनरल नाट साहव इजट लनउके ये

DNA 5.94.005

अफसर कप्तान फौजी लाम फीरोजपुरके मुकर्रिर हुवे । ० ।
तमसन साहव सदर वोरट मे थे । इजेट लषनउके मुकर्रिर
हुवे । ० । कारी साहव सदर वोरंट इलाहावाद के थे । बजाय
मिस्तर लामसैन साहवके । सिकर्त्तर आजम । गवरनर के
मुकर्रिर हुवे । विसुता जाता है । गवरनर वहादुर भी ।
मै साहेवान कौसल के जलद हि हिन्दुस्तानमे आवेगे । ० ।
और येह भी माहरूर है के । अदालत वादशाही याने
सिचर नकोरटको महेकमा भी । इलाहावादमे । अथवा
अगरेमे रहेगा । ० । आंगरे ने मेषजीनकी तैयारी
होती है । ० । और मेजर जनरल लीकर साहव अफस
र कमान फौज लुध्याने के मुकीर्रर हुवे । ०। अषवर
धविड द वुसे मालुम हुवा फूलधाने हड्डिया महारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



ज पोर सिंह वहादुरकी । और केवर पर ताप सिंहकी राजाध्यानसिंहका मै १० हाथी २० घोडाके । मै ३ ।४ सौ सवर प्यादे के । लाहौर से खाना होकर । लारीषर अकतुवरको । लुध्याने मे पहोचि । सर्दार गुरुमुष सिंह मुनशी सोहनलाल वगैरे तातमिदा फूलो केहमराह थे । कप्तान किनकम साहवने । महारज वैकुंठवासी के व लोंका । इस्तकवाल किया । १ दुशाला इ सौरुपया सर्कार कंपनीके तरफसे । महाराजके फूलोपर चढाया १ । १ दुशाला । कँवर परताप सिंह । राजाध्यान सिंह के फूलो पर चढाया । सलामी तोपषने की अमलमे आई । साहव मौस्तफने ।लुध्यानेसे २ कोस तक । फूलोको वहाँ दिया । ० । पटियालेकी षवरसे मालुम हुवा । महाराज प्रोर सिंह वगैरों के फूल । पटियालाके नज्दीक पहोंचे । महाराज करम सिंह के अहेलकारों ने इस्तक बालकि या । वाली पटियालेके तरफ से । ३ दुशाले फूलों पर डाले गए । २५ अशर्फी राजाशाही । और ३ घोडे । सर्दार तमरही फूलोके सुपुर्द किये । ० । लाहौरकी षवर से मालूम हुवा राजाहीरासिंह ने १७ लाष रुपया । फौजको तकसीम किया और सिपाहको हुकुम दियाके । कोई हथियार वंद । हमारे पाव नही आने पावे । और दर्वारमे भी । नही आने पावे । ० । सर्दार लहेनासिंह मजीठा कित हुवा था । अहल कारो के समझाने से । राणा हीरासिंहकी तावेदारी मंजूरकरी ।० । राजाहीरासिंह ने । बनाम गवरनर बहादुर के । और लेफ टंट गवरनरके । षलीते इस मजम्लनके भेजे । को अहेदना मा नया । महाराज दिलीप सिंहके नामका तैय्यार होवे । ०। सु ना जाता है । विच आगरे के । वहोतसे साहवलोग जमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होकर । विच मुकद्दमे ग्वालियर के । और लाहौर के । कुमेट १
अमलम आवेगी । ० । सर्दार दोस्त महम्मदष। इरायदा । लने
वे शावरका रषता है ।येह षवर कुनकर । राजा हीरासिंहने
फौज सिष्षे की । ये शावरको खाना करी । ० । तवियत महा
राज दिलीप सिंह वाली लाहौरकी । बीमार है । ० । जंवुके जिले
मे । बेइतजामी कमाल है । इस वास्ते राजा गुवाल सिं नी
जं बसे । लाहौर मे नही आए है । ० । षेतडीका राजा उमर
छोटी है । माता उनकी । यज जैपुरसे फिर गई है । ५ हजार
सिपाही अपने किलेमे जमा किये है । इरायदा लडाईका
रषती है । मेजइ फा सदर तालव ले । बास्ते वंदोवस्त के
औ रवै – फसादके । २ पल्टन १ रिसाला षेतडी मे
ले जाहै । ० । ज्यादा हाल वद स्तर है । विज्युभम.....

मुख्य विषय

भइरहेको सारा गतिविधिहरूको हालखबर लेखि पठाएको समाचारबारे लेखिएको व्यहोरा पत्र । माथिको अरु दुइ पत्र यही विषयसित भारतको लखनउमा जारी सिपाई विद्रोह दमनका लागि अंग्रेजी फौजलाई सहयोग गर्न गएको बेला त्यहाँ सम्बन्धित छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तपुर झौखेलको अभिलेख : यसमा थप परिस्कृत

– डा. श्यामसुन्दर राजवंशी*

भक्तपुर झौखेलको अभिलेख शुरुमा फोटो मात्र देख्न पाइएको थियो । त्यसबेला झौखेल कहाँ पर्दछ पनि आफुलाई थाहा थिएन । वि.सं २०६७ तिरको कुरो हो, भक्तपुरविज्ञ चिरपरिचित मित्र डा. पुरुषोत्तमलोचन श्रेष्ठले एउटा अप्रकाशित अभिलेख भनेर झौखेलको अभिलेख देखाउनु भयो र पढ्न सहयोग गरिदिन अनुरोध पनि गर्नु भयो । त्यतिबेला अभिलेखको ८ पंक्ति मात्र देखिन्थ्यो । बाँकी भाग जमीन भित्र दबिएको थियो । जेहोस् भक्तपुरको गोलमाढीको अभिलेखसँग यो अभिलेख हुबहू मिल्दथ्यो । यसमा थंखोपृङको उल्लेख छ भने गोलमाढीको अभिलेखमा माखोपृङको उल्लेख छ भनेर पढेर दिएँ । यसको विस्तृत व्याख्या सहित मित्र श्रेष्ठले त्यो अभिलेख पुरातत्त्व विभागको मुखपत्र प्राचीन नेपालमा प्रकाश गर्नुभयो । त्यो लेख उहाँको हाले प्रकाशित पुस्तक अन्तरङ्गका तरङ्गहरू शीर्षकको पुस्तकमा पनि समावेश छ । त्यसै बखत भक्तपुरका सुरेशज्योति शाक्यले पनि सन्ध्याटाइम्सको तँसापौमा झौखेलमा लिच्छविकालको चैत्य र अभिलेख भेटिएको सूचना प्रकाशित गर्नुभएको रहेछ । पछि अभिलेखलाई ढुंगेधारा माथि कहिले स्थानान्तरण गरियो त्यो थाहा भएन । वि.सं २०७० सालमा हेर्न जाँदा स्थानान्तरण गरिसकेको रहेछ । यसरी अभिलेख उघ्रिएपछि बाँकी ६ पंक्ति पनि देखापरे तब गोलमाढीको अभिलेखको पाठसँग ठीक दुरुस्त रहेको मात्र होइन सालमिति समेत एउटै रहेको देखियो । यो अभिलेखलाई पहिलो पटक प्रकाश गर्ने श्रेय चाहिं मित्र श्रेष्ठलाई नै जान्छ । पछि यो अभिलखको पूर्ण पाठ **पूर्णिमा अंक १४२** मा पनि छापिएको देखियो । वास्तवमा अध्ययन भनेको पूर्ण भयो कहिल्यै भन्न नमिल्ने रहेछ । तसर्थ यसलाई थप परिस्कारको आवश्यकता महसूस भएकोले सोही मुताविक यो लेख तयार गरिएको हो ।

लिप्यन्तर

१. **ॐ स्वस्ति मानगृहादपरिमितगुणसमुदयोद्भासित यशाबप्प**

२. **पादानुध्यातो लिच्छविकुलकेतुर्भट्टारक महाराज श्रीशिवदेवः**

३. **कुशली थंखोपृंसतलद्रङ्ग निवासिनः प्रधानपुरस्स रान्ग्राम**

४. **कुटुम्बिनः कुशल परिप्रश्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु**

५. **भवतां यथानेन प्रख्यातामलविपुल यशसा स्वपराक्रमोपश**

६. **मितामित्त्रपक्षप्रभावेन श्रीमहासामन्तांशुवर्म्मणा विज्ञापितेन**

---

*लिपिविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. मयेतद्गौरवाद् युष्मदनुकम्पया च
कूथेर्वृत्यधिकृतानांमत्र

८. समुचितस्त्रिकरमात्रसाधनायैव प्रवेशो
लेख्यदानपञ्चापराधा

९. न्यर्थन्त्व प्रवेश इति प्रसादो
वःकृतस्तदेवंवेदिभिरस्मत्पादप्र

१०. सादोपजीविभिरन्यैर्व्वा नकैश्चिदयमन्यथा
करणीयोयस्त्वेता

११. माज्ञां विलङ्घान्यथाकुर्य्यात्कारयेद्वा
तमहमतितरान्न मर्षयिता

१२. स्मि येपि मदूर्ध्वम्भूभुजो भवितारस्तैरपि
धर्म्मगुरुभि र्गुरुकृत

१३. प्रसादानुवर्त्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीयेति
समाज्ञापना

१४. दूतकश्चात्र भोगवर्म्मगोमी संवत् ५१६
ज्यैष्ठशुक्लदिवा दशम्याम्

भाषान्तर

कल्याण होस् । मानगृह दरबारबाट अनगिन्ती गुणको थुप्रोले युक्त ,सफा कीर्ति फैलिएका, बुवाको पाउको अनुग्रह पाएका, लिच्छविकूलको झण्डास्वरुप भएका, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीशिवदेवबाट तलसहितको थंखोपृम् द्रङ्गमा बस्ने मुखिया लगायत ग्रामका गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ। सफा र ठूलो कीर्ति फैलिएका, आफ्नै पराक्रमले शत्रुको दबदबालाई खतम पारेका यी श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाउँदा हामीबाट यिनको कुरा राख्न र तिमीहरू उपरको दयाले पनि यहाँ तिमीहरूको ग्राममा कुथेर अधिकरणका अधिकृतहरूले त्रिकर (भागभोग कर) उठाउनको लागि मात्र पस्नु योग्य छ । लेख्यदान र पञ्चापराधको तहकीकात गर्ने कामको निमित्त चाहिँ नपस्नु भनी तिमीहरूलाई निगाह गरिएको छ। यो कुरा तिमीहरूलाई थाहा होस् ।

तसर्थ यस कुरालाई बुझेर हाम्रो निगाहबाट जीविका चलाउनेहरू (सरकारी कर्मचारीहरू) र अरु कसैले पनि यो व्यवस्थाको अन्यथा नगर्नू । जसले यो आज्ञालाई नटेरेर अन्यथा गर्ला वा गराउला त्यसलाई हामी बिल्कुलै सहने छैनौं । हामीभन्दा पछि जो राजा हुनेछन्, उनीहरूले समेत धर्मलाई ठूलो संझेर हामीले गरेको निगाहको ख्याल राखेर यस आज्ञाको राम्रोसँग पालना गर्ने नै छ यसमा निश्चिन्त हुनुहोस् । यहाँ दूतक साक्षीको रुपमा भोगवर्म्मा गोमीलाई राखिएका छन् । संवत् ५१६ ज्येष्ठ शुक्ल दशमी ।

यो अभिलेखको मुख्य विशेषताहरू

१. यो शिलालेख स्तम्भ जस्तो पनि होइन, सिलौटा जस्तो छाँट पारी काटिएको स्वरुपको पनि होइन । ठूलो डल्लो शिलाको अगाडिको भागमा सम्म पारी चिप्लाइ त्यसमाथि शङ्ख चक्र शीर्ष चिन्ह सहितको चित्र र १४ पंक्ति अभिलेख कुँदाइ गोलमाढी टोलको अभिलेख राखेकै मितिमा एउटै व्यहोरा जनाई ठाउँको नाममात्र फरक पारी राखिएको अद्वितीय स्वरुपको शिलालेख बनेर रहको छ । यसरी डल्लो ढुँगो भएकोले ढुंगेधारानिर राखिएको बेलामा धारामा नुहाउनेहरूले ढाडको मयल माद्नमा मनग्य प्रयोग गरि दिँदा अभिलेखको अक्षर खिइएर अहिले अस्पष्ट अवस्थामा पुगीसकको छ । तैपनि अभिलेखको स्वरुपको दृष्टिले भने यो शिलालेख अद्वितीय स्वरुप कै मान्न सकिन्छ किनभने यो स्वरुपको शिलालेख अन्तकतै देखापरेको छैन ।

२. यो शिलालेखमा थंखोपृंको उल्लेख आएकोले यसले खोपृंको अर्थलाई थप स्पष्ट रुपले प्रकाश पार्न सजिलो बनाएको छ किनभने गोलमाढीको अभिलेखमा माखोपृं भनिएको छ त्यो भनिएको के होला अनुमान गर्न सकेको थिएन। देउपाटनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रत्नसंघको अभिलेखमा खोपूम उल्लेख छ भने भक्तपुर तुलाछेंको अभिलेखमा खूपुङ उल्लेख छ । यसले भक्तपुरको त्यसबेलाको मुख्य केन्द्र माखोपृङ् थियो भने यसको माथिल्लो भेग थंखोपृङ र माखोपृङ्को तल्लोभेग खोपृङ् मात्र कहलिन्थ्यो भन्ने तथ्य खुल्न आएको देखिन्छ । भक्तपुरको नाम अहिलेसम्म पनि खोपः भन्ने नामले प्रसिद्ध छ त्यसैले यसको प्राचीन नाम खोपृङ्बाटै खोपः भएको हो र यो संस्कृत शब्द होइन भन्ने पनि प्रष्ट छ । इतिहासकारहरूले यो शब्दलाई किराँतमूलको शब्द हुनु पर्दछ भन्ने अनुमान गर्ने गरेको पाइन्छ । धनवज्र वज्राचार्यले लिच्छवि अभिलेख सम्पादन गर्दाको बखत यो झौखेलको अभिलेख भेटी सकेको भए उनले माखोपृङको (**मा**) को अर्थ के होला प्रष्ट पारी सक्ने थिए तर त्यतिबेला यो अभिलेख नभेटिएको हुनाले थाहा भएन भनेर लेख्न उहाँ बाध्य हुनुभयो ।

३. यस अभिलेखको दूतकमा भोगवर्मा गोमी उल्लेख छ । दूतक प्रायः राजाका विश्वास प्राप्त व्यक्ति हुनेगर्दथ्यो त्यसकारण भोगवर्मा गोमी निश्चय पनि एक प्रतिष्ठित व्यक्तित्व थियो भन्न सकिन्छ । उनै भोगवर्माको नाम पाटन नवहिलको अभिलेखमा पनि आएको छ तर त्यो अभिलेखमा संवत् अस्पष्ट भइसकेको छ । त्यस अभिलेखमा भोगवर्मालाई महासामन्त पदले सम्बोधित भएपनि महासामन्त श्री भनिएको थिएन । अंशुवर्माको पशुपतिको अभिलेखमा भोगवर्मालाई आफ्नो भानिज भनेर संकेत गरिएको पाइन्छ भन्ने कुरा धनवज्र वज्राचार्यले पनि उल्लेख गरेको छ ।

संवत् ५३६ को गोकर्ण बालुवा गाउँको अभिलेखमा महासामन्त अंशुवर्माले भोगवर्मालाई दूतकको रुपमा नियुक्त गर्दा **भाव्यन्दूतकश्चात्र महासामन्त श्री भोगवर्मा** भनेर उल्लेख गरेको पाइएको छ । यसबाट भोगवर्मा अंशुवर्माले पनि आदरणीय व्यक्तित्वको रुपमा लिने संकेत मिल्दछ । अंशुवर्मा आफू राजा सरहको शक्तिमा रहे पनि आफू महासामान्त पदवी मात्र लिए र आफू जस्तै भोगवर्मालाई पनि आफू जस्तै **महासामन्तश्री** सम्बोधन गरिएबाट हामी दुई समान दर्जाका हौं भन्ने संकेत दिइएको छ । यो भनेको स्वयं अंशुवर्माले पनि सम्मानजनक हैसियतले भोगवर्मालाई हेर्ने गर्दथे भन्ने बुझिन्छ । यसरी समान स्तरको प्रतिष्ठित व्यक्ति भोगवर्माको बारेमा इतिहासकारहरूले त्यति राम्रोसँग प्रकाश पार्न सकेको देखिँदैन ।

त्यतिबेलाको समय परिस्थितिको अध्ययन गर्न प्रकाशित अरु अभिलेख तथा वंशावलीहरू जस्ता ऐतिहासिक स्रोतलाई मूल्याङ्कन गरेर हेर्दा भोगवर्मा राजा शिवदेवका ज्वाँई थिए भन्ने भाव बुझियो । भोगवर्मा फेरि अंशुवर्माका दिदीका छोरा भएकोले अंशुवर्माका भानिज नाता पनि देखिन्छ । अंशुवर्मा र भोगवर्मा मामा भान्जा देखिन आए पनि उमेरमा समवयष्क जस्तो देखिन्छ । राजकुमारी भृकुटी राजा शिवदेवकी छोरीकी पनि छोरी याने भोगवर्माकी छोरी भएकीले भृकुटीलाई पनि राजकुमारी भनिएको बुझिन्छ । भृकुटीकी आमा युवराज उदयदेवको दिदी देखिन आउँछ । कतिपय इतिहासकारहरूले भृकुटी र नरेन्द्रदेवको नाता दिदी भाइ भनेर अड्कल गरेको देखिन्छ । वास्तवमा भृकुटी नरेन्द्रदेवको साख्वै फुपू नाता परेको देखिन्छ । यो कुरा पुष्टि गर्ने स्रोत नेपालमा उपलब्ध भएको छैन तर तिब्बती स्रोतले पुष्टि हुने सम्भावना धेरै देखिन्छ । जे होस् अहिले यो केवल सम्भाव्यता अध्ययन मात्र हो पुष्टि हुन बाँकी छ । पछि भृकुटी र भोगवर्माबारे थप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्ययन गर्नु पर्ने आवश्यकता छ ।

४ यस अभिलेखमा राजा शिवदेवले अंशुवर्मालाई अत्यन्त विश्वासिलो र अंशुवर्माले पनि भोगवर्मालाई अत्यन्त विश्वासिलो पात्रको रुपमा लिएको देखिन्छ । शिवदेव र भोगवर्माबीचको सम्बन्ध ज्वाँईससुराको नाताको कारणले राजा, अंशुवर्मा र भोगवर्माबीच त्रिकोणात्मक सम्बन्ध सुगठित थियो । प्रायः इतिहासकारहरूको भनाइअनुसार अंशुवर्माको उदय भौमगुप्तको अवसान गराएर भएको मानिन्छ । ती अलावा अंशुवर्माले नेपाल र तिब्बतबीच वैवाहिक सम्बन्ध कायम गराएर नेपालको स्वाधीनता रक्षा गराएको श्रेय पनि दिने गरेको छ । त्यही भएर राजा शिवदेवले अत्यन्त विश्वास गरी अभिलेखमा समेत बयान गर्दा **स्वपराक्रमोपशमितामित्रपक्षप्रभावेन श्रीमहासामन्तांशुवर्म्मणा** भनेर गरिएको वर्णनमा आफ्नै पराक्रमले शत्रुको दबदबालाई खतम पारेका यी श्रीमहासामन्त अंशुवर्मा भनेर यस अभिलेखमा दिइएको छ । यसलाई विशेष महत्वका साथ हेर्न जरुरी छ ।

व्याख्या विश्लेषण

भक्तपुर झौखेल र गोलमाढीको अभिलेखमा संवत् ५१६ ज्येष्ठ शुक्ल दशमी दिइएको छ । मित्र श्रेष्ठले अभिलेखको व्याख्या गर्ने क्रममा संवत् ५१६ लाई शकसंवत् ठानेर त्यसमा १३५ जोडेर वि.सं. ६५१ भनेर लेख्नु भयो तर यो कुरामा सँगति मिलेको देखिएन ।

संशोधन मण्डलद्वारा प्रकाशित हुने पूर्णिमा अंक १४२ मा पनि महेशराज पन्तद्वारा झौखेलको अभिलेख प्रकाशित छ । लिच्छविकालमा चलेको संवत् बारेमा संशोधन मण्डल पहिलो थरी संवत् शकसंवत् र दोस्रो थरी संवत् अंशुवर्माले चलाएको मानदेव संवत् चल्यो भन्ने पक्षमा आँखा चिम्लेर लागीरहनु भएको छ र त्यो मानदेवसंवत् नेपालसंवत् शुरु नहुञ्जेलसम्म नै चल्यो भन्ने मान्यता समातेर बसीरहनु भएको छ । यो मान्यता अहिले ऐतिहासिक दृष्टिले त्रुटिपूर्ण ठहरिसकेको हुनाले यतातिर पनि थप खुलासाको आवश्यकता देखापरेको छ ।

अभिलेखमा उल्लेख आएको संवत् ५१६ जेष्ठलाई समानान्तर अर्को संवत् विक्रमसंवत् र इश्वीसंवत्बाट कति भन्न नपरेसम्म खासै समस्या भएन । यसलाई चाहे शकसंवत् मान या संवत् ५१६ मात्र भन खासै फरक परेन । जब वि.सं र इ.संबाट यति उति भन्नु पऱ्यो भने चाहिं मूलधार कुन चाहिं हो त भन्ने समस्या त्यहाँ खडा हुन आइ हाल्छ ।

इतिहासकार धनवज्र बज्राचार्यले पनि अभिलेखमा भएको यो संवत्लाई शकसंवत् नै मान्ने गरेको छ । त्यसैले उनले शक ५१६ + १३५ = वि.सं ६५१ हुन्छ भन्ने मान्यता राख्ने गरेको पाइन्छ । किनकि चाँगुनारायणको संवत् ३८६ को अभिलेखको मितिलाई लिएर ३८६ + १३५ = वि.सं ५२१ भनेर उल्लेख गरेको लिच्छविकालका अभिलेखमा दिइएको छ । उनका मान्यताअनुसार जेठमा वि.सं ५२१ हुने भएपछि कार्तिकमा वि.सं ५२० हुनुपर्ने प्रकारान्तरबाट खुल्छ तर शकसंवत्मा १३४ जोड्ने प्रावधान उनले पेश गर्न सकेका थिएनन् ।

लिच्छवि संवत्को निर्णयअनुसार चाँगुनारायणको संवत् ३८६ जेठको अभिलेखको मितिलाई लिएर ३८६ + १३५ + १= वि.सं ५२२ भनेर उल्लेख छ । त्यस निर्णयअनुसार जेठमा वि.सं ५२२ हुने भएपछि कार्तिकमा वि.सं ५२१ हुनुपर्ने प्रकारान्तरबाट खुल्छ तर शकसंवत्मा १३६ जोड्ने प्रावधान कुन शास्त्रले दिएको छ भनी खुलाउन सकेको छैन । यसको मूल कारण भनेको लिच्छविकालमा चलेको संवत् शकसंवत् मानेको र शकसंवत् कार्तिकादि भन्नको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागि कार्तिकमा ३८६ + १३५ = ५२१ र जेठमा ३८६ + १३५ + १ = ५२२ गरेका हुन् । भक्तपुर झौखेल र गोलमाढीको अभिलेख पनि जेठ कै भएको हुनाले उनको मान्यताअनुसार ५१६ + १३५+१ = वि.सं ६५२ हुनुपर्ने हुन्छ । यसरी शकसंवत् मानेको संवत्मा १३६ जोडेर विक्रमसंवत् बनाउने सिद्धान्त कुनै शास्त्रमा छैन । एक दुइजना पं नयराज पन्तलाई स्वयं एकशास्त्र भनेर अन्धभक्त हुनखोज्नेले बाहेक अरुले यो गलत विधिलाई आदर्श मानेको छैन ।

गणना

झौखेल र गोलमाढी दुबै अभिलेखमा भएको एउटै मितिको गणना यसप्रकार छ

संवत् ५१६ ज्यैष्ठशुक्ल दिवा दशम्याम् (संवत् ५१६ जेष्ठ शुक्ल दशमी)

(झौखेल र गोलमाढीको अभिलेखबाट)

अभिलेखमा दिइएको मितिः संवत् ५१६ भनेको यो शक ५१४ को कार्तिकदेखि शक ५१५ को आश्विनसम्म रहने गर्छ

तद्नुसार संवत् ५१६ जेष्ठ भनेको = शक ५१५ जेष्ठ भयो । इष्ट इश्वी निकाल्दा ५१५ + ७८ = इस्वी ५९३ आउँछ ।

इष्ट शक : शक ५१५(किनकि जेष्ठमा शक ५१५ हुने भएकोले इष्ट इश्वीसनःः५१५ + ७८ सन ५९३ हुन्छ । शक ५१५ को वर्षमा अधिमास भिडाउँदा त्यो वर्ष अधिमास छैन भन्ने निश्चय हुन्छ ।

तिथिगण : वैशाखसम्म आउन - चै१,+वै१+जेष्ठ शुक्ल दशमी (१०) । ३०+३०+१०= ७० । ७०–१५= ५५ (उपकरण)

न्यास १

विवरण	शक	ति.शु	वार	इश्वी	तारिख	रविकरण	चन्द्रकरण
ध्रुवकोष्ठ १	–७८	२४.६०	५.६९	०	१८.९४[१]	१०५.७	२८१.५
गतिकोष्ठ १,२	५००	११.२१	५.१९	५००	३.१९	३५८.३	१८१.४
	९२	२७.७३	३.५८	९२	०.५८	३५९.७	२१७.७
क्षेपक	१	११.०६	१.२६	१	०.२६	०.०	३१९.३
					५९.००		
मेषादौ	५१५	१४.६०[६]	१.७२[५]	५९३	८१.९७[४]	१०३.७[३]	२७९.९[२]
तिथिभोग्य		+०.४०	+०.४०		+०.४०	+०.४०	+०.४०
कालान्तरम्			+२.४६		+२.४६	–.२१	+१.६९
मेषतिथ्यन्ते		१५.००	४.५८		८४.८३	१०३.८९	२८१.९
गतिकोष्ठ ३		५०.००	०.२२		४९.२२	४८.५	४३.०
(पूर्वार्धे)		५	४.९२		४.९२	४.८	४.३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

		७०	२.७२ −०.४५		१३८.९७ −०.४५	१५७.१९	३२९.२
जेष्ठ शुकल दशमीको रविपराख्य र चन्द्रपराख्य −०.४५ ऋणम्			२.२७ −.२७		१३८.५२ −.२७	+.१०० −०.४५	−.५५१
			२.००		१३८.२५		
				५९३			
सूर्योदय कोष्ठ ४			२.००	मे	१२०.००		
					१८.२५		
परिणाम= इश्वीसन ५९३ मे १८ तारिख सोमबार							

१.प्राचीन रीतमा दिइएको अंश ।२. योगफल लाई ३६०ले भाग गरी शेष फल ३. योगफल लाई ३६०ले भाग गरी शेष फल। ४. सामान्य वर्ष भएकोले ५९ जोडेको ५योगफल लाई ७ ले भाग गरी शेष फल ।६. योगफल लाई ३० ले भाग गरी शेष फल ।

परिणाम= इश्वीसन ५९३ मे १८ तारिख सोमबार । तद्नुसार वि.सं ६५० जेष्ठ ४ गते सोमबार । अभिलेखको संवत् ५१६ ज्येष्ठ शुक्ल दशमी तद्नुसार शक ५१५ जेष्ठशुक्ल दशमी ।

निष्कर्ष

अभिलेखको संवत् ५१६ ज्येष्ठ शुक्ल दशमीको तारिख गणना गर्दा इस्वी ५९३ आएको छ । इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार भृकुटीको विवाह तिब्बतका राजा स्रङ्चङ्गम्पोसित हुँदा इस्वी ५९३ भनेर दिएको कुरा उनको चीन र तिब्बत सित नेपालको सम्बन्ध नामक पुस्तकमा पनि दिइएको छ । यता अंशुवर्माको पदोन्नति पनि यही संवत् ५१६ मा भएको र भृकुटीको विवाह पनि यही सालमा भएको पुष्टि हुन्छ ।

स्रङचङगम्पोको जन्म	इ.सं ५६९
राज्याभिषेक	इ.सं ५८१
ल्हासाको स्थापना	इ.सं ५९२
भृकुटीको विवाह	इ.सं ५९३
चीनको राजकुमारीसितको विवाह	इ.सं ५९४
स्रङचङगम्पोको मृत्यु	इ.सं ६४९ (शारदा वर्ष १२ अंक ९ पृष्ठ २०८)

यसरी अभिलेखको अध्ययन गर्दा स्वदेशको घटनावली मात्र होइन विदेशको घटनावलीसँग पनि तालमेल सँगति मिल्न आएको देखियो भने आफ्नो अध्ययनको दिशा ठीक ठाउँमा परेको अनुभूति हुन्छ । साथै माथि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको तारिख गणना पनि ट्वाक्कै मिलेको अनुभूति दिन्छ । यदि अभिलेखमा भएको संवत् ५१६ लाई शकसंवत् मान्ने एकथरिले ५१६ + ७८ गरेर इस्वी ५९४ ठहराउन पुग्छ भने अर्को थरिले ५१६+१३५+१ गरेर वि.सं. ६५२ भन्नेहरूले ६५२–५७ गरेर इस्वी ५९५ ठहराउन पुग्छ । भृकुटीको विवाह भएको समयसित संवत् ५१६ को अभिलेखबीच तादात्म्य छ । अभिलेखमा भएको संवत् ५१६ लाई शकसंवत् नै हो भन्नेहरूबाट पनि कसैको मुखबाट इस्वी ५९४ र कसैको मुखबाट इस्वी ५९५ आउने भनेको शकसंवत्को खोट हो भन्न सकिन्छ ।

भक्तपुर झौखेलको अभिलेख र गोलमाढीको अभिलेखलाई साधारणतया यसमा के भनिएको छ सरसर्ति अध्ययनबाट मात्र खास तात्विक कुरा भेटिँदैन किनभने यो अभिलेखको अध्ययन अरुले पनि गरिसकेकै हो । उनीहरूबाट खास तात्त्विक महत्त्व पहिचान गर्न सकेको देखिएन भन्ने कुरा ती लेख हेर्दैमा थाहा हुन्छ । त्यही भएर हरेक तिथिमिति भएको अभिलेखहरूको तारिख गणना समेत गरेर पाठकहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनावलीसँग तुलना गरी अध्ययन अनुसन्धान गर्न सहज पारी दिनु पनि मुख्य अभिष्ट सिद्ध भएको हुनुपर्दछ । यतातिर पनि ध्यानाकर्षण हुँदै जाओस् ।

सन्दर्भलेखसूची

१. लिच्छविकालका अभिलेख – धनवज्र वज्राचार्य, वि.सं २०३० सालमा त्रि.वि नेपाल तथा एशियाली अध्ययन संस्थान काठमाडौद्वारा प्रकाशित ग्रन्थ ।

२. लिच्छविसंवत्को निर्णय – पं नयराज पन्त, वि.सं २०४३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,काठमाडौंद्वारा प्रकाशित पुस्तक ।

३. चीन , तिब्बत र नेपाल – बाबुराम आचार्य, वि.सं २०५९, श्रीकृष्ण आचार्य काठमाडौंद्वारा प्रकाशित ।

४. अन्तरङ्गका तरङ्गहरू – पुरुषोत्तम लोचन श्रेष्ठ,वि.सं २०८०,संचित बचत तथा ऋणसहकारी संस्था लि. भुलाँचा भक्तपुरद्वारा प्रकाशित ।

५. प्राचीन नेपाल – झौखेलमा फेलापरेका लिच्छविकालीन सम्पदा, पुरुषोत्तमलोचन श्रेष्ठ, २०७० पौष १८४ अंकमा प्रकाशित

६. सन्ध्याटाइम्स तँसापौमा – सुरेशज्योति शाक्य ने.सं. ११३० तछलाथ्व १४ मा प्रकाशित ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल सालिक निर्माण एकचर्चा

– रमेशजङ्ग सिजापति*

विषयप्रवेश

राष्ट्रिय अभिलेखालय, रामशाहपथ काठमाडौंमा संरक्षित राणाशासनकालीन कुमारीचोकका अभिलेखहरु अध्ययन - अनुसन्धान गर्ने क्रममा "नेपालमा सालिक निर्माण" सम्बन्धी निर्णय भएका केही अभिलेख प्राप्त भएका छन्। ती अभिलेखहरुका आधारमा यो सानो अनुसन्धानमूलक लेख तयार गरिएको छ । यहाँ यस अनुसन्धानमूलक लेखमा राणाशासनकालीन शासक श्री ३ हरुको शासन समयका पन्ध्रवटा अभिलेखहरु समाविष्ट छन् । यहाँ सालिक भनेको के हो ? सालिक कति बने ? क-कसको ? कहिले बनेको थियो ? राणाशासक र अन्यको सालिक निर्माण कसरी भयो ? भन्नेबारेमा सत्यतथ्य अभिलेखको आधारमा यो लेख तयार गरिएको छ। त्यो यथार्थ तथ्यसत्यलाई यो लेखद्वारा देखाउन खोजिएको छ।

राणाशासनकालमा सालिक निर्माण क-कसको भयो ? कसरी सालिक निर्माण गरियो ? भन्ने बारेमा नै यो लेख केन्द्रित रहेको छ । यस लेखबाट "नेपालमा सालिक निर्माण "कार्य कसरी गराउँदा रहेछन् भन्ने बुझिन्छ। सो कार्य के कसरी हुदोरहेछ भन्ने अभिलेख कै आधारमा जानकारीका दिनु नै यो लेखको उद्देश्य हो । साथसाथै सालिक निर्माणको परम्परा बुझ्न बुझाउन सघाउ पुगोस् भन्ने मूल उद्देश्य रहेको छ।

त्यसैगरि यो लेख नेपालमा विकास निर्माण बारेमा अध्ययन अनुसन्धान गर्ने विद्वान् विदुषी ,अध्येता र इतिहासकारलाई सालिक निर्माणको इतिहास लेखनको लागि महत्त्वपूर्ण प्राथमिक स्रोत सामाग्री हुने देखिन्छ।

परिचय

राष्ट्रिय अभिलेखालय रामशाहपथ काठमाडौंमा संरक्षित राणाशासनकालीन कुमारीचोकका अभिलेखहरु अध्ययन-अनुसन्धान गर्ने क्रममा केही महत्त्वपूर्ण अभिलेख प्राप्त भएका थिए। ती मध्ये केही अभिलेख "नेपालमा सालिक निर्माण "बारेका थिए। सो कार्यको यहाँ यथार्थ परिचय दिन र चर्चा गर्न खोजिएको छ । नेपालमा सालिक निर्माणको परम्परा पहिल्याउन मद्दत गर्छ । सालिककोबारेमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित "नेपाली बृहत् शब्दकोश"मा सालिकको सम्बन्धमा यसरी परिभाषित गरिएको छ हेर्नुहोस् पेज १३४० मा

सालिक -ना.(अ.)१.धातु, ढुङ्गा र काठ आदिबाट बनाइएको कुनै व्यक्तिको प्रतिमूर्ति : प्रतिमा:सालिग । २.स्मारकका रुपमा ठूलै आकारको बनाएर सार्वजनिक स्थल आदिमा राखिने धातु वा ढुङ्गाको मूर्तिलाई सालिक भनिएको छ। १

यहाँ राष्ट्रिय अभिलेखालयमा रहेका राणाकालीन कुमारीचोकका प्राप्त भएका अभिलेखको आधारमा यो अनुसन्धानमूलक लेख तयार गरिएको छ। यहाँ भन्नुपर्दा नेपालमा राजामहाराज राणाजीको सालिक बनाउने

*स्वतन्त्र अनुसन्धाता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रममा श्री ३ महाराज वीरशमशेर जङ्गबहादुर राणाजीको पालादेखि बनाउन थालिएको रहेछ । सर्वप्रथम श्री कम्याण्डर ईनचिफ बुबाज्यू(धीरशमशेर जङ्गबहादुर राणाजी)को सालिकको स्टेमेट खडा गर्ने फोटगीरीफको तस्बिर दुईको मूल्य जनष्टन हाफमोलाई दिन निमित्त कम्पनी रुपैयाँ आठ सम्बत् १९४७ सालमा श्री ५ महाराजधिराजबाट बकस दिएको देखिन्छ । त्यसैगरी सो सालिकको मोडेलहरु बनाउन कलकत्तामा ब्रामलरी कम्पनीलाई कम्पनी रु.१०००।- (एक हजार) र त्यसको सयकडा ४ ले हुण्डी मान रुपैयाँ ४०।- चालीस जम्मा कम्पनी रु.२००।- (दुई सय रुपैयाँ) पठाएको थियो । श्री ३ महाराज चन्द्रशमशेर जङ्गबहादुर राणाबाट श्री ३ बडा महारानीबाट स्वर्गवासी श्री ३ महाराजका सालिक राख्दा मोहरु १३००/- (तेह्र सय रुपैयाँ)श्री ५ महाराजधिराजको खर्चबाट दिएको देखिन्छ । श्री ३ चन्द्रबाट राखी बकस मोहरु १०००/- (एक हजार रुपैयाँ) श्री ३ चन्द्रको बडामहारानीबाट राखेको मोहरु ५००/- (पाँच सय) सालिक राख्ने कामको लागि कामकाज गरिएको थियो । श्री ३ महाराज चन्द्रशमशेरको सालिक बनाउने काम वि.सं.१९७१-१९७३ सालसम्म दुई वर्ष लगाएर नेपाली कालिगडले नै बनाएको देखिन्छ । नेपाली २० जना लोहकर्मीले कामकाज गरेको देखिन्छ । भाइ श्री सुप्रदीप्त मान्यवर पश्चिमतर्फका कम्याण्डीङ जनरल जुद्धशमशेर जङ्गबहादुर राणालाई सालिक चढाए वि. सं.१९७९ सालमा बापत् मोरु ४२००/- (बयालीस सय रुपैयाँ) बकस दिएको देखिन्छ ।

यसैगरी नेपाली सिपाहीको सालिक बनाएबापत नेपाली कलाकार रत्नबहादुर तुलाधरलाई मोरु २००/- (दुई सय रुपैयाँ) बकस दिएको पाइन्छ । वि.सं.१९८२ सालमा ।सालिक तयारगरि चढाए बापत् मखन टोलबस्ने कलाकार रत्नबहादुर तुलाधरलाई मोरु ५०/- (पचास रुपैयाँ) बकस दिएको थियो । वि.सं.१९८६ सालमा सालिक उदघाटन उत्सवको क्रममा जुवाखेल हुँदा श्री ३ महाराजबाट बक्सेको भर्ना दिनलाई मोरु १६००/- (सोह्र सय रुपैयाँ) खर्च गरेको देखिन्छ ।

वि.सं. १९८७ सालमा स्वर्गे श्री ५ महाराजधिराज पृथ्वी वीरविक्रम शाहको सालिक उद्घाटन फागुन १९ गते १ का दिन गरेको थियो । प्रस्तुत अनुसन्धानात्मक "नेपालमा सालिक निर्माण एकचर्चा "शीर्षक लेख तयार गर्दा मूल सामग्रीको रुपमा लिएका अभिलेखको उतारगरि परिशिष्टमा (१-१५) सम्म राखिएको छ ।

उपसंहार

राणाशासनकालीन अभिलेखमा सालिक निर्माण सम्बन्धी विषयवस्तुमाथि दृष्टिदिँदा के देखिन्छ भने यस कार्यमा नेपालमा सालिकहरु निर्माण गर्ने गराउने कार्य राणाशासकहरुबाटै आरम्भ भएको देखिन्छ। श्री ३ महाराज वीरशमशेर जङ्गबहादुर राणाजीको समयदेखि भएको पाइन्छ। यो क्रम वि.सं.१९४७ सालदेखि पहिलो सालिक धीरशमशेर राणाजीको बनाएको थियो । त्यो सालिकको नमुना कलकत्तामा बनाउन लगाइएको थियो। यसैगरी वि.सं.१९७१-७३ सालमा नेपाली कालिगढ (लोहकर्मी) ले नै बनाएका थिए । यसै क्रममा नेपाली सिपाहीको सालिक नेपाली कलाकार काठमाडौं मखनटोल निवासी रत्नबहादुर तुलाधरले बनाएका थिए। वि.सं.१९८७ सालमा स्वर्गे श्री ५ महाराजधिराज पृथ्वीवीरविक्रम शाहको सालिक स्थापना गरि उद्घाटन गराइएको थियो । यसरी नेपालमा सालिक निर्माण कार्य गर्ने गराउने गरेको परम्परा देखिन्छ । यस सानो अनुसन्धानमूलक लेखबाट पनि नेपालमा सालिक निर्माणको परम्परा पहिलाएर इतिहास लेखन मद्दत मिल्छ भन्ने लाग्छ । नेपालमा सालिक निर्माण गर्न थालेको लगभग डेढ शताब्दी हुन लागेको छ । यस कार्यतर्फ पनि अध्येताहरुको ध्यान जानु आवश्यक देखिन्छ ।

सन्दर्भ सामाग्री

१. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ,कमलादी काठमाडौं , वि.सं. २०४०, प्रथम संस्करण, पेज १३४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. राष्ट्रिय अभिलेखालय,रामशाहपथ काठमाडौं , (परिशिष्टका १-१५)

(परिशिष्ट १-१५ सम्म)

१. कौसी तोसा षानाका हाकीम कारिन्दाले पुर्जी हेरी श्री कम्याडर ईनचीफ बुवाज्यूको ईष्टेच्युको ईष्टीमेट षडा गर्नालाई गयाको फोटगीराफको तस्वीर २ को मोल जनष्टन आफमोको दीना नीमीत्त कं.रु.८ श्री ५ महाराजधीराजबाट बकस षर्च लेषी अैन सवालको रीत पुर्याई मुनसी षाना हस्ते दीन्या काम गर.

ईति सम्बत १९४६ साल मीती जेष्ठ वदी १० रोज ७ शुभम

सम्बत १९४६ साल मैन्हा ,पोका नं.३८ /सि.नं.३०६/पेज ८

२. कौसी तोसा षानाका हाकिम कारीन्दाले पुर्जी हेरी हाम्रा श्री वुवाज्यूका इष्टाच्यूको मोडेलहरु बनाउन्या कामलाई हाल कलकत्ता बामलरी कपनी छेउ पठाई दीना के सो इस्टेच्यु राषने काम के आयाको भनी सदर मुल्की षानाका स्रेस्तामा आम्दानी वाधीयाको जम्मा मध्ये कंपनी १००० र तेस्को सेक्रा ४ ले हुन्डी मान रु.४ समेत जम्मा कंपनी रु.१०४० यो सलेट र पार्स मनी हस्ते अैन सवालको रीत पुर्याई दीन्या कां गर.

ईति सम्बत १९४६ साल मीती माघ वदी ११ रोज ६ शुभम

सम्बत १९४६ साल मैन्हा पोका नं.३८ ,सि.नं.३०६ पेज १४

३. कौसी तोसा षानाका हाकिम कारीन्दाले पुर्जि हेरी कम्याण्डर इनचीफ साहेबको इष्टेच्यू झीउकाउना लाई कम्पनी रु.२०० दुई सयको लोट अैन सवालको रीत पुर्याई मुन्सी षानाका हाकिम कारीन्दा हस्ते दीन्या काम गर

ईति सम्बत १९५० साल मीती ज्येष्ठ वदी २ रोज ३ शुभम ल.९५८ सम्बत १९५० साल ,ज्येष्ठ मैन्हा /पोका नं.४२/सि.नं.३१०/ल.९५८/पेज ९

४. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जी हेरी हामी श्री ३ महाराज बाट श्री ३ वडा महारानीबाट स्वर्गवासी श्री ३ महाराजका ईष्टायाच्यू राषेको तपसीलका मोहरु १३०० तेह्र सये श्री ५ महाराजधीराजबाट हाम्रा नाउमा बकस षर्च लेषी बसन्तपुर मोठ तहवीलका हाकीम हस्ते अैन सवालको रीत पुर्याई दिन्या काम गर.

तपसील

हामी श्री ३ महाराजबाट राषी बकसको मोहरु १००० हाम्रा श्री ३ बडामहारानीबाट राषेको मोहरु ३०० ईति सम्बत १९५९ साल मीती चैत्र वदी १२ रोज ४ शुभम

सम्बत १९५९ साल / चैत्र मैन्हा /पोका नं.५१(क)३१९/७७३ल./पेज १८

५. कम्याडरी किताप षानाका हाकिम कारीन्दाले पुर्जी हेरी हामी १ को इष्टेच्यू राषने काम्मा ढुंगाको कां छज्याल सम्म रहने २ ले जाची काम लाएको तलब ठेकी भर्ना गरेको मैन्हा १ येकको तलव मोहरु ६६० छ सय षाठको १ सय साठ थप मैन्हा १ को मोहरु ११० समेत जम्मा मैन्हा १ को मोहरु ७७० सात सये सत्तरी सम्म षाने लोहकर्मी जवान ६० साठीलाई हामीबाट सदर गरि बक्सेको छ सो ढुंगोको काम छज्यालसम्म मात्र रहने हुनाले हाम्रा हजुर्मा लागे माल बापत सलामी समेत लीनु पर्दैन श्री कम्याडर कर्णेल कुमार नरसिंह राणालेषी दीयाका तीन पुस्ते हाजीर बमोजिम भर्ना भयाका मीती देषी तलव षान पाउने गरि अैन सवालका रीत पुर्याई कितापमा दरी दिन्या काम गर.

ईति सम्बत १९७० साल श्रावण गते २० रोज २ शुभम

सम्बत १९७० साल / वैशाख -चैत्र तक /९ (क)१५९/ न.५७१/पेज २१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. हामी श्री ३ महाराजका इष्टेच्यु बनाउने कामको तपसीलका लोहकर्मी जवान २० को यही ७१ साल श्रावणका मसान्त तक रही ७१ साल भाद्र २१ गते देषी म्याद भुक्तान भयाको र सो काम तयार भयाको हुनाले सो लोहकर्मी जवां २० लाई सावीकै गरि डरी ७१ साल भाद्र १ गते देषी आश्वींका मसान्त तक मैन्हा २ लाई म्याद थप बक्सेको छ १ पटक वर्ष दीन पुगेको सलामी तिरी सकेको हुनाले ३ पुस्ते हाजीर लीयर रकम रकमको सलामी लीन समेत पर्दैन सो बमोजी अैन सवालको रीत पुर्याई कीताप दरी दीन्या काम गर

तपसील

जम्मा जवान २० के मोरु पाच सये अठाईस रुपैया उनचास पैसा तीन दाम ५२८।४९।३
जवान १ के षांगी १५ थप षडको १ ष २ जमा १८ ले ३०।३३।१
जवान ८ के षांगी ११५२ थप षडको वर्ष १९२ जम्मा - १३४४ ले २२४
जवान ३ के षांगी ४१४ थप ६ के १ षड ६९ जम्मा ४८३ ले ८०।५०
जवान ३ के षांगी ३९६ थप षड के षड ६६ जम्मा ४३२ ले ७७।

जवान ५ के षांगी ६०० थप ६ षड को १ षड १०० जम्मा - ७०० ले ११ हा ६६।२
ईति सम्बत १९७१ साल भाद्र १२ गते रोज ५
सम्बत १९७१ साल कम्याण्डरी कीताप/१६०/९ बैसास-चैत /षडग नीसाना पु.नं.५३१/पेज १७

७. हामी श्री ३ महाराजका ईष्टाच्यु बनाउने कामलाई तपसील बमोजीम लोहकर्मी २० भर्ना भयाको यही ७२ साल पौष १ गतेले म्याद भुक्ती भयाको र सो काम नसीधीयाको हुनाले सो म्याद भुक्ती भयाका पौष १ गते देषी ७२ साल चैत मसान्त तक मैन्हा ४ चारलाई थामी बक्सेको छ अघि वर्ष दीन्को माल वापतको समेत बुझाई सकेको र हाल फेरि वर्ष दिन नपुगेको हुनाले सलामी र माल वापतको सलामी लीना सावीकैको जवा हुनस्ले तीन पुस्ते समेत पर्दैन सो बमोजिम कीताप दरी दिनु

तपसील

जम्मा जवान २० के मैन्हा ४ चारको मोरु येक हजार छपन्न रुपैयाँ उनानसये पैसा - १०५६।९९
जवां १ को षांगी १५६ थप छ वर्ष १ षड २६ जम्मा वर्ष १ को १८२ ले ६७।६६
जवां८ को षांगी ११५२ थप ६ षडको १ षड १९२ जम्मा वर्ष १ को १३४४ ले ४४८।
जवां ३ को षांगी ४१४ थप ६ षडको १ षड ३९ जम्मा वर्ष ४८३ ले १५४।
जवां ५ षांगी ६०० थप षडको १ षडको १०० जम्मा वर्ष १ को ७०० ले २३३।३३
ईति सम्बत १९७२ साल पौष ५ गते रोज २
सम्बत १९७२ पो.नं..९ (क)१६१ बैशाख -चैत ,कम्याण्डरी किताप खड्ग निसाना /पु.नं.७९७ /पेज ३१

८. श्री ३ महाराजका इस्ताव्ह्यु बनाउने कामको तपसिलका लोहकर्मी जवा २० को यही ७२ साल जेष्ठका मंसात कम्याण्डरी यही ७२ साल आषाढ १ गते म्याद भुक्तान भयाको र सो काम तयार नभयाको हुनाले नीज लोहकर्मी जवान २० बीस लाई सावीकै षागी दरी सो ७२ साल आषाढ १ गते देषी ७२ साल मार्ग मसान्त तक मैन्हा म्याद थामी बक्सेको छ सावीकैको लोहकर्मी भयाका हुनाले पटक वर्ष दीन पुगेको सलामी तिरी सकेको हुनाले ३ पुस्ते हाजीर क र क को सलामी लीन समेत पर्दैनन् सो बमोजिम कीतापमा दरी दिने काम गर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपसील

जम्मा जवान २० के मोरु पन्ध्र सये पचासी रुपैया पचास पैसा १५८५।५०
जवान १ को षांगी १५६ थप ६ षडको १ षड २६ जम्मा वर्ष १ को १८२ ले ९१।
जवान ८ के षांगी ११५२ थ ५ षडको १ षड १९२ जम्मा वर्ष १ को १३४४ ले ६७२।
जवान ३ के षांगी ४१४ थप ६ षडको १ षड ६९ जम्मा वर्ष १ को ४८३ ले २४१।५०
जवान ३ के षांगी ३९६ थप ६ षडको १ षड ६६ जम्मा वर्ष १ को ४६२ ले २३१।
जवान ५ के षांगी ६०० थप ६ षडको १ षड १०० जम्मा वर्ष १ को ७०० ले ३५०।
ईति सम्बत १९७२ साल आषाढ २८ गते रोज २
सम्बत १९७२ साल /बैशाख -चैत्र ९ /१६१/पु.नं.३४१ /पेज ८

९. हामी श्री ३ महाराजका ईस्टेचु बनाउने कामलाई कामलाई तपसील बमोजिमको लोहकर्मी जवान २० को यही ७३ साल बैशाष १ गते म्याद भुक्तान भयाको र सो काम नसीधीएको हुनाले सो म्याद भुक्तान भयाका ७३ साल बैशाख १ गते देषी श्रावण मसात तक मैन्हा ४ लाई थामी बक्सेको छ पटक पटक म्याद थप भै वर्ष पुगेको छ तापनी सलामी माल वापतको सलामी माफी बक्सेको हुनाले सलामी र माल वापतको सलामी लीन र सो जंवा यमा वा कै को हुनाले ३ पुस्ते लीन पर्दैन सो बमोजिम गरि कीताप दरी दिनु

तपसील

जम्मा जावन २० के सो मैना ४ चारको मोरु येक हजार छपन्न रुपैया अना सये रुपैया १०५६।९९
जंवा १ को षांगी १५६ भय ६ षडको १ षड २६ जम्मा वर्ष १ को १८२ ले ६०।६६
ऐ ८ को षांगी ११५२ थप ६ षड १ को षड १९२ जम्मा वर्ष १ को १३४४ ले ४४८।
ऐ ३ के षांगी ४१४ थप ६ षडको १ षड ६९ जम्मा वर्ष १ को ४८३ ले १६१।
ऐ ३ के षांगी ३१६ थप ६ षडको १ षड ६६ जम्मा वर्ष १ को ४६२ ले १५४।
ऐ ५ को षांगी ६०० थप ६ षडको १ षडको १०० जम्मा वर्ष १ को ७०० ले ३२३।३३
ईति सम्बत १९७३ साल बैशाख २६ गते रोज २
सम्बत १९७३ बैशाख - चैत्र ९ (क) १६२ /नं.७५ /पेज १०

१०. कौसी तोसा षानाका हाकीं कारीन्दाले पुर्जी हेरी भाई श्री सुप्रदीप्त मांनेवर पश्चिम तर्फका कम्याण्डीङ्ग जनरल जनरल जुद्ध सम्सेर जङ्ग बहादुर राणा के सी.आई ई लाई इष्टाचु चढाया बापत मोरु ४२०० बयालीस सये बकस बक्सेको छ .निजले लीन पठायाका मानिस हस्ते दीने काम गर .
ईति सम्बत १९७९ साल मीती आषाड ६ गते रोज २ शुभम
सम्वत १९७९ साल कौसी तोसा षानाका नाउमा भै गयाको षडग निसाना सनदका नकल किताप/षडग निसाना /मु.न.२५१

११. कौसी तोषा षानाका हाकी कारीन्दाले पुर्जि हेरी सीपाहीको ईष्टेच्यु १ मैनाको बनाई तयार गरे बापत ....रत्नबहादुरलाई मोरु २०० दुईभाग सये बकस बक्सेको छ सो रुपैया नीजलाई दीने काम गर .
ईति सम्बत १९८२ साल आश्वीन ३० गते रोज ५
सम्बत १९८२ साल बैशाष -आश्विन तक षडग निसाना १३ (क) २१४ /मु.न.८६२ पेज १८२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२. कौसी तोसा षानाका हाकीं कारीन्दाले पुर्जिहेरी सीपाहीको ईष्टयाच्यू चढाया बापत मषन टोल बस्ने रत्नबहादुर तुलाधरलाई मोरु ५० पचास रुपैया बकस बक्सेको छ नीज हस्ते दीने काम गर.
ईति सम्बत १९८२ साल वैशाष -आश्विन तक षडग निसाना १३ (क) २१४ /मु.नं.८६२ पेज १८२

१३. ईष्टाच्यू षोलीयाका उत्सवको जुवाको षेल हुदा हामी श्री ३ महाराजबाट हारि बक्सेको भर्ना दीनालाई मोरु १६०० सोह्र सये ले.क.स्याम बहादुर साहीले लीन पठायाका मानिस हस्ते षर्च लेषी दीने काम गर.

ईति सम्बत १९८६ साल चैत्र १५ गते रोज शुभम्

सम्बत १९८६ कार्तिक -चैत खड्ग निसाना /पोका नं.१४ (क)सि.नं.२०८-३१२ /१४/२१८ मु.नं. ७७० /पेज १८२

१४. कं प कोतका हाकिं कारीन्दाले पुर्जी हेरी स्वर्गे वासी श्री ५ महाराधिराज पृथ्वी वीर विक्रम साहको ईष्टाच्यू षोल्ने फागुण १९ गते रोज १ का दीन कं.प.कोतबाट ल्याई टुडषेलमा वास गाडी जडान गरि राषेका तोर रुडाहरु मध्ये काम सकीया पछी सेकी हेर्दा वतासले उडाई हराई वेपता भयाको तोर पात ९७ यो से झन्डा २ चार पोठे दण्डा ३८ मीहा षर्च लेषनु भने सनद गरि पाउन भनी मे.क.षडग वीक्रम साहले वींती चढायाको वेहोरा हाम्रा हर्जुमा जाहेर भयाको हुनाले सो हरायाको तोरपात ९७ सन्तानब्ये २ यो से झण्डा २ चार पोट झण्डा ३८ अठतीस स्रेस्तामा वेहोरा जनाई मीन्हा षर्च लेषने का गर

ईति सम्बत १९८७ साल जेष्ठ १ गते रोज ४ / १९८७ साल जेष्ठ १७।६ मा सदर
सम्बत १९८७ साल खड्ग निसाना /वैशाख - आश्वीन २३ (क)२६४ /पु.न. १५७ को खड्ग /पेज १९

१५. ठमेल जिन्सी गोदाम अडाका हाकि कारिन्दाले पुर्जि हेरी स्वर्गे वासी श्री ५ महाराजधिराज पृथ्वी वीर विक्रम शाहको ईष्टाच्यूको खोल्ने दिन श्री ५।३ सरकार राज भै बक्सने डाईस बनाउनालाई मे.क.खड्ग वीक्रम साह खटाई बक्सी चाहीने का पाठ ...

ईति सम्बत १९८७ साल आषाढ ३ गते रोज ३/१९८७ साल भाद्र ९ गते २ मा सदर
सम्बत १९८७ साल खड्ग निसाना /भाद्र २३ (क) २६४ ,मु.नं.६०६ पेज २०७-२०८
स्रोत - राष्ट्रिय अभिलेखालय रामशाहपथ ,काठमाडौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वीर पुस्तकालय तथा राष्ट्रिय अभिलेखालयबाट प्रकाशित पुस्तकहरुको सूची

क्र.सं.	पुस्तकको नाम
१	अभिलेख (अंक १ देखि ४१ सम्म)
२	सूचीपत्र बौद्ध विषयक हस्तलिखित ग्रन्थहरू
३	सूचीपत्र हस्तलिखित नेपाली चिठ्ठी पत्र
४	नेपाली भाषामा लेखिएका हस्तलिखित ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र
५	आयुर्वेद विषयका हस्तलिखित ग्रन्थहरूको सूचीपत्र
६	सूचीपत्र देवनागरी लिपिको हस्तलिखित ग्रन्थहरू
७	Catalogue of Tibetan Manuscripts (Vol. 1 to 10)
८	Catalogue of Guthi Paper (Vol. 1 to 2)
९	मूनिसम्बन्धी तमसूक ताडपत्र (अंक १ देखि ४ सम्म)
१०	कान्तिपुर शिलालेख सूची (अंक १ देखि ४ सम्म)
११	पुष्प चिन्तामणि
१२	राजविधान सार
१३	हस्तमुक्तावली
१४	अश्वमेघीय यात्रा
१५	ऐतिहासिक चिठ्ठीपत्र (अंक १ देखि ३ सम्म)
१६	कृत्यबाटिका
१७	बृहत सूचीपत्र (अंक १ देखि १० सम्म)
१८	ब्रह्म शान्ति
१९	वास्तुशास्त्रीय ग्रन्थहरूको संक्षिप्त-अध्यन
२०	PAINTED ILLUSTRATIONS OF THE MANUSCRIPT COVERS IN NATIONAL ARCHIVES FROM NEPAL
२१	व्रतकल्पलतिका
२२	व्रतरत्न माला

क्र.सं.	पुस्तकको नाम
२३	अगस्त्यसंहित रत्न परीक्षा (वी.पु)
२४	हरमेखलापूर्वीखण्ड
२५	हरमेखला मध्यखण्ड
२६	SAARC Voyage from Banglore to Kathmandu
२७	ऐतिहासिक कुण्डली
२८	सिद्धान्त सारणी
२९	भक्तपुर शिलालेख सूची
३०	संक्षिप्त सूचीपत्रम् (वी.पु)
३१	सूचीपत्र ऐतिहासिक चिठ्ठीपत्र संग्रह
३२	नेपालभाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र
३३	श्रीमद्वराहमिहिंराचार्य विरचितम् विवाहपटलम्
३४	शिवधर्मोत्तर (शिवधर्म पुराण द्वितीयखण्ड)
३५	अजीर्णमञ्जरी (नेपाली-भाषानुवादसहित)
३६	वास्तु शास्त्र
३७	लिपि तालिका
३८	अनुपानमञ्जरी (प्रज्ञा नेपाली टीकासहिता)
३९	दङ्गीशरण (कथा)
४०	परातन्त्र
४१	प्रथम लगत (भाग-१,२)
४२	कालितत्त्व
४३	वैद्य जीवनम्
४४	पथ्यापथ्यसङ्ग्रह
४५	निर्वाणतन्त्र

राष्ट्रिय अभिलेखालयको अपिल र अनुरोध

राष्ट्रिय अभिलेखालय राष्ट्रिय महत्वका कागजपत्र र अभिलेखहरुलाई संरक्षण तथा व्यवस्थापन गर्न कानूनद्वारा स्थापित सरकारी निकाय हो । यहाँहरुको सङ्कलनमा रहेका हस्तलिखित पाण्डुलिपि, महत्वपूर्ण ग्रन्थहरु, लालमोहर, स्याहामोहर, सनद, सवाल र रुक्का लगायतका ऐतिहासिक महत्वका सामग्रीहरुको संरक्षण तथा व्यवस्थापनका लागि यस संस्थामा उपलब्ध गराइदिएर दस्तावेज संरक्षणमा सहयोग गर्नुहुन राष्ट्रिय अभिलेखालय सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछ । साथै नेपाल सरकार अन्तर्गतका निकायहरु लगायत अन्य विभिन्न कार्यालयहरुमा रहेका पच्चीस वर्ष पुराना राष्ट्रिय महत्वका सङ्कलन (रेकर्डहरु) हामीलाई हस्तान्तरण गरी अभिलेख संरक्षण कार्यमा सहयोग गरिदिनुहुन सम्बन्धित सबै निकायहरुमा राष्ट्रिय अभिलेखालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं
फोन : ०१-४२००८५६, फ्याक्स नं. : ९७७-०१-४२००८४८
Website : www.narchives.gov.np, E-mail : mail@narchives.gov.np

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection.